राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्चन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– ६, भदौ १३ गते शुक्रबार, २०८२ (29 August, 2025) | www.janajibro.com | मूल्य रू. १०।-

# 'सीमित व्यक्तिले अर्थतन्त्र कब्जा गर्दा संकट'

## बुटवलमा विप्लव, जनार्दन र घनश्यामको गर्जन : पुरानाे शीर्ष नेताहरूको विकल्प खोजिएको आँकलन

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** मुलुकले प्राप्त गरेको गणतन्त्रलाई सफलता मानिए पनि गणतन्त्रको ढाँचा अनुसारको आर्थिक व्यवस्था नभएको, पुरानै कानुनहरू रहेको, अर्थतन्त्र सीमित व्यक्तिको कब्जामा परेको र भ्रष्टाचार बढेको कारण नै नेपालमा समग्र संकट आएको नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' ले बताएका छन् ।

सहिद-बेपत्ता स्मृति प्रतिष्ठानले बिहीबार बुटवलमा आयोजना गरेको 'वर्तमान राजनीतिक संकट र निकास' विषयक अन्तर्क्रियामा बोल्दै महासचिव विप्लवले नेपाली समाजमा व्याप्त असन्तुष्टिको छायाँ साना-ठूला सम्पूर्ण



राजनीतिक पार्टीमा समेत देखिन थालेको टिप्पणी गरे । 'ठूला-साना सबै पार्टीमा लडाइँ छ, कम्तीमा पनि दुई-दुई जना मान्छे भएर मुक्कामुक्की नगरेको पार्टी नै छैन,' उनले भने- 'यो हेर्दा यो समस्या पार्टीमा मात्रै जस्तो लाग्छ तर त्यसो होइन, समाजमै बहस रहेको छ र त्यसको प्रतिबिम्ब पार्टीहरूमा बिम्बित भएको छ ।' नेपालको राजनीतिक र कम्युनिस्ट आन्दोलन दिग्भ्रमित भएकोमा चिन्ता प्रकट गर्दै उनले भने- 'नेपालको राजनीतिक र कम्युनिस्ट आन्दोलन दिग्भ्रमित छ, रनभुल्ल जस्तो छ, दिग्भ्रमितताबाट दिग्दर्शन चाहिएको छ, जुन बाटोद्वारा नेपाली जनताको विश्वास, एकता र आकांक्षाको प्रतिनिधित्व होओस् ।' नेपाली जनताले विश्वास, एकता र जनआकांक्षाको प्रतिनिधित्व गर्ने शक्तिको आवश्यकताबोध गरेको भन्दै आफूहरूले थालेको बहस व्यक्तिविशेषको नभएको समेत उनले बताए ।

कानुनहरू पुराना रहेको, नेपालको अर्थतन्त्र सीमित व्यक्तिको कब्जामा परेको र भ्रष्टाचार बढेको भन्दै सम्रग संकट आउनुका पछाडि गणतन्त्रको ढाँचाअनुरूप आर्थिक व्यवस्था नहुनु नै मूल समस्याका रूपमा रहेको उनले ठोकुवा गरे ।

क्रमशः अन्तिम पृष्ठमा

# व्यवस्थाअनुरूप पार्टीहरू बदलिन नसक्दा दलाल पुँजीवाद फस्टायो : भुसाल

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालले अहिले मुलुकको राजनीतिक अवस्था सर्पले काँचुली फेर्दै गरेको जस्तै छटपटी र सकसपूर्ण रहेको टिप्पणी गरेका छन् ।

सहिद-बेपत्ता स्मृति प्रतिष्ठानद्वारा बिहीबार बुटवलमा आयोजित 'वर्तमान राजनीतिक संकट र निकास' विषयक अन्तर्क्रिया कार्यक्रममा बोल्दै महासचिव भुसाललले भने- 'अहिलेको अवस्था भनेको सर्पले काँचुली फेर्दै गरेको अवस्था जस्तै हो, आजको छटपटी नयाँ इतिहासको पीडा हो ।'

समाजमा रहेको उकुसमुकुस पछिल्लो समय अझ तीव्र रूपमा बढिरहेको चर्चा गर्दै उनले भने- 'यो यति बढेको छ कि यसले विभिन्न ठाउँमा, विभिन्न हिसाबले प्रतिक्रियाहरू उत्पन्न गरेको छ ।' कम्युनिस्ट आन्दोलन विघटनबाट देशभर र बाहिरका शुभचिन्तकहरूलाई समेत चिन्तित तुल्याएको उल्लेख गर्दै मुलुकबाट पञ्चायत र राजतन्त्र गए पनि पार्टीहरूको ढाँचा नबदलिँदा दलाल पुँजीवाद कायमै रहेको उनले बताए ।

वामपन्थी/कम्युनिस्टहरूबीचको ध्रुवीकरण नै अहिलेको आवश्यकता रहेको भन्दै अहिले आफूहरूले नगरे अरू कसैले भए पनि निरन्तर प्रयास गरेर कम्युनिस्टहरू ध्रुवीकृत र एकीकृत भइछाड्ने उनले दाबी गरे । 'आज जुन परिस्थिति छ, यसो हेर्दा यो आज मात्र निस्किएको परिस्थिति होइन, धेरै अघिदेखि देखिएको अन्तर्विरोध हो,' उनले भने- 'अब यो थेग्न सकिँदैन भनेर समाजले बुझिसकेको छ तर समाधानको अवस्था बनिसकेको छैन ।'

एमाले, माओवादी वा एकीकृत समाजवादीका नक्कली सीमा भत्काउनुपर्ने र अगाडिको भविष्य छेक्नु नहुने स्पष्ट पार्दै ती सीमा भत्काउन अहिलेबाटै छलफल गर्नुपर्नेमा भुसालले जोड दिए ।

# ब्रह्माण्डको संरचना र इतिहास– ३

**निल डिग्रास टाइसनको प्रसिद्ध पुस्तक 'हतारमा भएका मानिसका लागि खगोल–भौतिकशास्त्र' को सारांश तथा विश्लेषण**

**समय- सन्देश**
**नारायण गिरी**

वर्ष– ३१, अङ्क– १ बाट क्रमशः ...

यससँगै पृथ्वीको चापको बारेमा पनि अनुमान लगाउन सकिन्छ। अझ ध्यानपूर्वक हेर्दै जादा ध्रुबीय क्षेत्रमा रहेको बरफयुक्त पहाडलाई पनि देखिन्छ। यसबाट पृथ्वीमा कसरी फरक-फरक मौसम हुन्छन् भन्ने थाहा हुन्छ। पृथ्वीको घुमाइको आधारमा एक दिनमा कति घन्टा हुन्छ भन्ने कुरा पनि थाहा हुन्छ। यसको अतिरिक्त मौसमको परिवर्तनलाई पनि देख्न सकिन्छ। किनकि कुनै टाढाको ग्रहबाट उत्कृष्ट टेलिस्कोपले पृथ्वीतिर हेर्दा बादलहरूको चालको बारेमा धेरै कुरा थाहा हुन्छ। पृथ्वीको सबभन्दा नजिकको तारा अल्फा सेन्टाउरी हो, जुन पृथ्वीभन्दा चार प्रकाशवर्ष टाढा छ। अल्फा सेन्टाउरीको सौर्य प्रणालीमा कुनै ग्रह रहेको छ भने र त्यो ग्रहबाट कसैले पृथ्वीलाई हेर्न चाहन्छ भने यो धेरै मुश्किल हुन्छ। किनकि सूर्यको प्रकाशको कारण पृथ्वी त्यो प्रकाशमा नै लोप हुन्छ।

नासाको केपलर टेलिस्कोप पृथ्वी जस्तै ग्रहहरूको खोजको लागि र यसको साथसाथै सूर्य जस्तै ताराहरूको खोजको लागि बनाइएको छ। यो टेलिस्कोपको काम गर्ने तरीका कस्तो छ भने त्यसले कुनै ताराबाट निक्लिने प्रकाशसँग सूर्यको तुलना गर्दछ। यसबाट सूर्य र त्यो तारामा कति समानता छ भन्ने कुरा पत्ता लाग्छ। यसको साथै त्यो ताराको सामु कुनै ग्रह छ वा छैन भन्ने तरीकाबाट पनि यो कुरा पत्ता लगाउन सकिन्छ। कल्पना गरौं, पृथ्वीले एक वर्षमा सूर्यको सम्पूर्ण चक्कर लगाउँदा पृथ्वी सूर्यको ठीक सामुन्ने हुन्छ, त्यसपछि कुनै टाढाको ग्रहमा बसेको मानिसको लागि सूर्यको प्रकाशमा हल्का कमी आउनेछ। किनकि सूर्य र उसको बीचमा पृथ्वी आइसकेको छ। यसबाट त्यो व्यक्तिले यो सौर्यमण्डलमा कुनै ग्रह विद्यमान छ भन्ने कुरा पत्ता लगाउँछ। यसरी

क्रमशः दोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३१, अङ्क- ६, भदौ १३ गते शुक्रबार, २०८२

## सम्पादकीय

# विप्लव, जनार्दन र घनश्यामः विचारविनाको अग्रसरता

नेपाली कम्युनिस्ट आन्दोलनको दोस्रो पुस्तामा यतिबेला निकै नै ठूलो महत्त्वाकाङ्क्षा बोकेका तीन नेता देखापरेका छन्- नेत्रविक्रम चन्द 'विप्लव', जनार्दन शर्मा 'प्रभाकर' र घनश्याम भुसाल। तीन अलग-अलग पार्टीमा रहेका ६० वर्षे यी नेताहरू आफूलाई 'युवानेता' भनाउँछन्। सकेसम्म नेपालकै एउटा मात्र कम्युनिस्ट पार्टी र सो सम्भव नहुँदा पनि सर्वाधिक शक्तिशाली वामपन्थी पार्टी बनाएर आफैंले नेतृत्व समाल्ने आकाङ्क्षाका साथ यी नेताहरूले प्रयत्न अघि बढाएको देखिएको छ।

सामान्यतः जुनसुकै राजनीतिक दल र विशेषतः कम्युनिस्ट पार्टीको मुख्य आधार र अझ त्यसको नेतृत्वमै पुग्ने प्रमुख तत्त्व भनेको विचार हो। विप्लव, प्रभाकर र घनश्याम तीनैजना आबद्ध पार्टीहरूमा यतिबेला भयङ्कर विचारसून्यता छ। बलियो कम्युनिस्ट केन्द्र बनाउने अमूर्त कुरा त यी नेताहरूले बारम्बार दोहोऱ्याइरहन्छन् तर त्यो कुन दर्शन, सिद्धान्त, नीति, कार्यक्रम र योजनाका आधारमा हुन्छ अनि त्यसो गर्दा नेपाली समाज र राजनीतिले अहिले नपाएको थप योगदान के दिन्छ भन्नेबारे चुँसम्म पनि बोल्ने गरेका छैनन्। अहिलेकै दल वा समूहहरूमा झिनामसिना व्यावहारिक परिवर्तन गर्ने र वर्तमान राज्य व्यवस्था वा प्रणालीमा बीसको एक्काईसम्म परिमार्जन गर्नेभन्दा पर यिनले सोच्नै सकेको देखिँदैन।

अतः विचार, कार्यदिशा र ठोस लक्ष्यविना केवल सत्ता र शक्ति प्राप्त गर्ने र अहिलेकै भ्रष्ट कुशासकहरूको स्थानमा आफूलाई उभ्याउने मात्रै अभिष्ट बोकेर ज-जसले, जे-जस्ता पहल गरे पनि त्यसको केही अर्थ छैन।

# ब्रह्माण्डको...

नै अन्तरिक्षमा कुनै नयाँ तारा पाइएको खण्डमा यो तारासँग कुनै ग्रह छ वा छैन भन्ने कुरा पत्ता लगाउनुपर्ने हुन्छ। त्यसबेला त्यसको प्रकाशमा आउने परिवर्तनलाई हेरिन्छ।

केपलर टेलिस्कोपबाट यो परिवर्तनलाई सूचित गरिन्छ र आखिर त्यो ताराको सामु कुनै ग्रह छ वा छैन र यदि छ भने त्यो ग्रहले कति समयमा त्यो तारालाई एक चक्कर लगाउँछ भन्ने कुरा पत्ता लगाउने कोशिस गरिन्छ। तर यो तरीका पनि बढी प्रभावकारी हुँदैन। किनकि यदि कुनै ताराको आकार उसको सौर्य प्रणालीमा विद्यमान ग्रहहरूको तुलनामा धेरै ठूलो छ भने त्यो ग्रह उक्त ताराको सामु आउँदा त्यसको प्रकाशमा धेरै फरक आउँदैन। उदाहरणको लागि हाम्रो सौर्य प्रणालीलाई नै हेर्न सक्छौं। हाम्रो सूर्य पृथ्वीभन्दा धेरै गुना ठूलो छ र पृथ्वी सूर्यको सामुन्ने आउँदा त्यसको धेरै सानो हिस्सा मात्र छेक्छ। त्यो सानो हिस्साको कारणले सूर्यको प्रकाशमा धेरै फरक पर्दैन। सूर्यको प्रकाशमा लगातार परिवर्तन आउँदा मात्र त्यहाँ कुनै अर्को ग्रह छ भन्ने थाहा हुन्छ।

### ब्रह्माण्ड र मानिस

अहिलेसम्म ब्रह्माण्डको बारेमा धेरै कुरा थाहा भयो। तर यी चीजहरूबाट कसको जिन्दगीमा के फरक परिरहेको छ भन्ने प्रश्न उठ्छ।

जुन समय मंगल ग्रहमा जानको लागि अरबौं-खरबौं धन खर्च गरिन्छ, त्यही बेला संसारमा खाना र घरबिना नै रहिरहेका धेरै बच्चाहरू हुन्छन्, जो हरेक दिन भोकै सुतिरहेका छन्। 'डार्क म्याटर' को कुरा गरिरहिको बेला संसारमा धर्मको नाममा मानिसलाई मारिरहिएको हुन्छ।

ब्रह्माण्डको सुरुवात कसरी भयो भन्ने कुरा पत्ता लाग्नुभन्दा हजारौं वर्ष पहिलेदेखि नै मानिसले आफ्नो जिन्दगी चलाइरहेका थिए। ब्रह्माण्डमा अरबौं ग्यालेक्सीहरू विद्यमान छन् भन्ने कुरा थाहा हुँदा पनि मानिसको जिन्दगीमा कुनै फरक आएन। त्यसकारण यो ब्रह्माण्डीय दृष्टिकोणको उत्सव मनाउने अवसर कसलाई प्राप्त हुन्छ ? यो मौका एक किसानलाई प्राप्त हुँदैन र न यो मौका एक गृहविहीन व्यक्तिलाई नै मिल्छ। यसको लागि मानिससँग समय हुनुपर्छ र मानिसको संघर्ष केवल बाँच्नको लागि मात्र हुनु हुँदैन। मानिसले एउटा यस्तो देशमा रहनुपर्छ, जहाँको सरकारले अन्ततः यो ब्रह्माण्डमा मानवताको के स्थान छ भन्ने कुरा पत्ता लगाउने कुरामा रूचि राखोस्। यो संसारभन्दा पर पनि केही छ वा छैन भन्ने कुरा लगातार सोच्ने मानिसको समाजमा निरन्तर प्रश्न गरिन्छ। तर यसको पनि केही न केही भुक्तान गर्नुपर्छ।

जुन समय मंगल ग्रहमा जानको लागि अरबौं-खरबौं धन खर्च गरिन्छ, त्यही बेला संसारमा खाना र घरबिना नै रहिरहेका धेरै बच्चाहरू हुन्छन्, जो हरेक दिन भोकै सुतिरहेका छन्। 'डार्क म्याटर' को कुरा गरिरहिको बेला संसारमा धर्मको नाममा मानिसलाई मारिरहिएको हुन्छ। कतै राजनीतिको नाममा मानिसहरूलाई मारिरहिएको हुन्छ। छुद्र ग्रहले आफ्नो कक्षमा चक्कर लगाउने कुरा पत्ता लगाइरहेकै बेला धेरै बच्चाहरू भीख माग्न लागिरहेको देखिन्छ। यो विचारले उदास त बनाउँछ र सँगसँगै यसले मानिसलाई मुक्त पनि गर्छ। यसले के सिकाउँछ भने यो संसारका हरेक चीज हाम्रो हातमा छैनन् र हामी एक अलग मार्गमा छौं। अर्को मार्गमा विद्यमान कैयौं यस्ता घटनाहरू हुन्छन्, जुन हामीलाई मन पर्दैन।

यो ब्रह्माण्ड सोचभन्दा धेरै ठूलो छ भन्ने विचार गरिरहँदा यो ब्रह्माण्डको अगाडि मानिस कति सानो छ भन्ने कुरा पनि बुझ्न सकिन्छ। यो सम्पूर्ण ब्रह्माण्डमा हामी हुनु र नहुनु एक घटना मात्र हो भन्ने कुरा जानेपछि त्यस अवस्थामा हामी आफ्नो जीवनमा उत्कृष्टभन्दा उत्कृष्ट काम गर्न चाहन्छौं। र, त्यो उत्कृष्ट काम ती मानिसहरूको सहायताबाट गरिन्छ, जसलाई सहायता गर्ने कोही हुँदैन। अलिकति के सोचौं भने संसारका सबै धनी मानिसहरूलाई ब्रह्माण्डको बारेमा सबै कुरा थाहा छ; उनीहरूलाई ब्रह्माण्ड कति ठूलो छ भन्ने कुरा थाहा छ; उनीहरूलाई पृथ्वीको अतिरिक्त यो सम्पूर्ण ब्रह्माण्डमा अनगिन्ती ग्रह छन् भन्ने कुरा पनि थाहा छ। उनीहरूलाई बहु-ब्रह्माण्डको बारेमा पनि थाहा छ। उनीहरूलाई हाम्रै जस्ता धेरै ब्रह्माण्ड पहिले नै विद्यमान छन् भन्ने कुरा पनि थाहा छ। यस्तो अवस्थामा ती मानिसलाई यो असीम दस्ब्रह्माण्डको सामुन्ने उसको कद कति धेरै सानो छ भन्ने कुरा महसुस हुँदा पनि उसले आफ्नो जीवनमा साना-साना चीजहरूको लागि किन भगडा गर्छ ? यस्तो अवस्थामा ती व्यक्तिले कसैको भलाईको काम पनि त गर्न सक्छन्। त्यसकारण हामीले कुनै ब्रह्माण्डीय सत्यको बारेमा पढिरहँदा वा कुनै जिज्ञासामा काम गरिरहँदा हामीभित्र जन्मिएको घमण्डबाट मुक्त हुनुपर्छ। किनकि एकपटक हामी हुने कुराको वास्तविकता थाहा भएपछि जीवनको उद्देश्य पनि प्राप्त हुन्छ। त्यसकारण यी सबै चीजहरूबाट स्वयंलाई मुक्त गर्ने सबभन्दा सहज तरीका भनेको ब्रह्माण्डतिर हेर्नु नै हो। कसरी प्रकृतिले यो रहस्यात्मक र विचित्र चीजलाई बनाएको छ भन्ने कुरा हेर्नुपर्छ। 'बल्याक होल' नामको एक चीजले कसरी प्रकाशलाई पनि निल्छ भन्ने कुरा बुझ्नुपर्छ। यी सबै चीजहरूलाई हेरेपछि मात्र जीवनको उद्देश्यलाई प्राप्त गर्ने मार्गमा एक कदम अगाडि बढ्न सकिन्छ।

जनवरी २००० मा न्यूयोर्कमा शहरमा एउटा विशेष प्रदर्शनी राखिएको थियो। यसमा आउने मानिसहरूलाई एक 'भर्च्यूल' यात्रामा लिएर गइयो र यसमा उनीहरूलाई ब्रह्माण्ड र अन्तरिक्षको बारेमा चीजहरूलाई धेरै गहिराइपूर्वक बुझाइयो। उनीहरूले अब सूर्य र बाँकी ग्रहहरूलाई एकदम नजिकैबाट हेरिरहेका थिए। उनीहरूले ब्ल्याक होललाई पनि देखिरहेका थिए। यसको साथसाथै उनीहरूले जुपिटर जस्तो ठूलो ग्रहमा जाँदा कस्तो महसुस हुन्छ भन्ने कुरा पनि जाने। त्यो प्रदर्शनी अन्त्य भएपछि लेखकलाई एउटा चिट्ठी आयो। त्यो चिट्ठी विश्वविद्यालयका एक मनोविज्ञानका प्रोफेसरको थियो। प्रोफेसर मानिसलाई प्रायः उनीहरू संसारमा कति साना छन् भन्ने कुरा बताउने गर्थे। तर उनले त्यो प्रदर्शनी हेरेपछि स्वयंलाई धेरै सानो महसुस गरिरहेका थिए। ती प्रोफेसरका अनुसार अन्तरिक्षमा हेर्दा मानिसको योग्यताको बारेमा बुझ्न सकिन्छ। किनकि यति ठूलो ब्रह्माण्डको बारेमा पत्ता लगाउने काम त आखिरमा मानिसका साना-साना दिमागले नै त गरेको हो। अन्तरिक्षमा गएपछि प्रकृतिकको धेरै निकट पुगिन्छ। मानिसको घमण्ड कम हुन्छ र उनीहरू अरूको लागि बढी स्वीकार्य हुन्छन्।

यो कुरा महसुस गर्नको लागि हामीले ब्रह्माण्डको बारेमा सबै कुरा जान्नु आवश्यक छैन। ब्ल्याक होलको सम्पूर्ण गणित पनि जान्नु आवश्यक छैन। आइन्स्टाइनको विशेष सापेक्षताको सिद्धान्त पनि बुझ्नु आवश्यक छैन। हामीले केवल स्वयंलाई अझ बढी स्तरमा सोच्नुपर्छ। र, हामीले स्वयंलाई यो ब्रह्माण्डको एक सानो ग्रहको एक सानो हिस्सामा रहने जीव हौं भन्ने कुरा सोच्नुपर्छ। तर पनि हामीले आफ्नो दिमागको क्षमता अनुसार त्यो सबै कुरा सोच्न सक्छौं, जसले यो सम्पूर्ण ब्रह्माण्डलाई बदल्न सक्छ। हामी यो ब्रह्माण्ड कसरी बन्यो भन्ने कुरा पत्ता लगाउन सक्छौं। हामीले यो ब्रह्माण्डले काम गर्ने तरीका पत्ता लगाउन सक्छौं। त्यसपछि यो सानो दिमागको माध्यमबाट हामी संगीत बनाउँछौं, कविता लेख्छौं, कला-साहित्य र विज्ञान पनि बनाउँछौं, यहाँसम्म कि गणित पनि हामीले नै आविष्कार गरेको हो। हामी गणितमा कमजोर नै भए पनि दैनिक जीवनयापनमा चाहिने गणित त अवश्य आउँछ। यसकारण हामी यो ब्रह्माण्ड यति सानो हुँदा पनि कति विशेष छौं। यो विशेतालाई दिमागमा राखेपछि हामी सबैले त्यो ब्रह्माण्डका ती प्रश्नहरूको उत्तर प्राप्त गर्न सक्छौं, जसको उत्तर अहिलेसम्म प्राप्त गर्न सकिएको छैन। ती प्रश्नहरूको उत्तरतिर गइरहँदा वास्तवमा हामी स्वयं आफ्नो खोजमा गइरहेका हुन्छौं। हामी सबैको अन्तिम उद्देश्य त हामीले स्वयंलाई जान्न सकौं भन्ने नै हो।

ब्रह्माण्डको सीमाको कुनै अन्त छैन र हाम्रो सोचको सीमाको पनि अन्त छैन। यदि ब्रह्माण्डलाई ध्यानपूर्वक हेर्ने हो भने यो बिल्कुल एक मानवीय दिमाग जस्तै छ।

ब्रह्माण्डलाई जान्नुको अतिरिक्त हामी आफ्ना वरिपरिका धेरै चीजहरूलाई देख्न सक्छौं, जसबाट हामीलाई धेरै ठूलो संसारको एउटा सानो हिस्सा हौं भन्ने कुरा महसुस हुन्छ। जस्तो कि एक गिलास पानीमा अणुहरूको एक अलग ब्रह्माण्ड बनेको हुन्छ। यसकारण ब्रह्माण्डको बारेमा जान्नुको अर्थ हामी स्वयंलाई जान्नु हो। यसबाट के प्रमाणित हुन्छ भने ब्रह्माण्डको बारेमा जानेपछि मात्र हाम्रो उद्देश्यको बारेमा र हाम्रो अस्तित्वको बारेमा जान्न सक्छौं।

यद्यपि ब्रह्माण्डको सीमाको कुनै अन्त छैन र हाम्रो सोचको सीमाको पनि अन्त छैन। यदि ब्रह्माण्डलाई ध्यानपूर्वक हेर्ने हो भने यो बिल्कुल एक मानवीय दिमाग जस्तै छ। हाम्रो दिमागभित्र 'न्यूरोन्स' नामक कोशिकाहरूको यस्तै संजाल हुन्छ, जस्तो कि अन्तरिक्षमा ग्यालेक्सीको हुन्छ। यी सबै 'न्यूरोन्स' आपसमा जोडिएका हुन्छन्। हामीले केही गर्नुपर्दा वा हाम्रो दिमागमा कुनै विचार आउँदा यिनै 'न्यूरोन्स' हुँदै आउँछ। यी न्यूरोन्सले हामीलाई जुनसुकै कार्य गर्ने संकेत दिन्छन् र हामी यिनीहरूकै अनुसार हाम्रो वरिपरिका चीजहरूलाई देख्न सक्छौं; अलग-अलग चीजहरूको अनुभव गर्छौं। ब्रह्माण्ड पनि हाम्रो दिमागकै एक प्रकारले फैलिएको रूप हो। हामी स्वयं यो ब्रह्माण्डसँग जोडिएका छौं। जसरी विस्तारै ब्रह्माण्डको विस्तार भइरहेको छ, त्यसरी नै हामी पनि आफ्नो दिमागलाई लगातार विस्तार गरिरहेका छौं र नयाँ-नयाँ प्रश्नहरूको उत्तर प्राप्त गरिरहेका छौं।

ब्रह्माण्ड हामी सबैभित्र र हामी सबैको दिमागभित्र छ। जसरी हामी यो बाहिरको ब्रह्माण्डलाई बुझ्नमा लागेका छौं, त्यसरी नै हामीले हामी भित्रको ब्रह्माण्डलाई पनि बुझ्नुपर्छ। हामीले हामीभित्रको ब्रह्माण्डको गहिराई कति छ र यो ब्रह्माण्ड कति विशाल छ भन्ने कुरा पनि बुझ्नुपर्छ। जसरी हामीले बहिरको अनन्तसम्म फैलिएको ब्रह्माण्ड सम्बन्धी प्रश्नहरूको उत्तर प्राप्त गरेका छौं, त्यसरी नै हामी भित्रको ब्रम्हाण सम्बन्धी प्रश्नहरूको उत्तर खोज्न लाग्यौं भने अवश्य ती प्रश्नहरूको उत्तर पनि पाउनेछौं। हामी कसरी बन्यौं र हामी किन बन्यौं भन्ने दुई महत्त्वपूर्ण प्रश्नको उत्तर प्राप्त गर्ने कोशिस शताब्दीयौंदेखि जारी छ। यी प्रश्नको उत्तर खोज्नको लागि यदि ब्रह्माण्डतिर दृष्टि दिइयो भने वास्वमा हामीले आफैभित्र अन्तर्दृष्टि दिइरहेका हुन्छौं। त्यसपछि हामी यी प्रश्नको उत्तर पनि पाउँछौं। ब्रह्माण्डलाई बुझ्ने कोशिस आजको मात्र होइन, यो कोशिस शताब्दीयौं पुरानो हो। यसमा धेरै मानिसहरूले आफ्नो क्षमता खर्चिएका छन्। यद्यपि आज हामीले यस सम्बन्धी प्रश्नहरूको उत्तर छिट्टै प्राप्त गर्न सकेका छौं, तर ब्रह्माण्ड सम्बन्धी प्रश्नहरूको कुनै अन्त छैन, जसरी ब्रह्माण्डको कुनै अन्त छैन। हामी पृथ्वीमा बनेको यो सानो संसारमा धेरै पटक आफैलाई सीमित गर्दछौं, तर जब हामी आफ्नो दृष्टिलाई माथि उठाएर आकाशतिर हेर्छौं, तब हामीले वास्तविक संसारलाई आजसम्म नदेखेको महसुस गर्छौं।

आज संसारका देश अन्तरिक्षमा आफ्ना अलग-अलग सफलता हासिल गर्नमा लागेका छन्। केही देश चन्द्रमामा पानीको खोजमा लागेका छन् र केही देश मंगल ग्रहमा जीवनको खोजमा लागेका छन्। तर महत्त्वपूर्ण प्रश्न के हो भने वास्तवमा के ती ग्रहहरूमा जीवन खोज्नु आवश्यक छ ? यो प्रश्नको उत्तर त्यति सरल छैन। तर यो सम्पूर्ण ब्रह्माण्ड, तारा, सूर्य, ग्रह, आदिलाई हेर्दा हामी कति धेरै सामान्य प्राणी हौं भन्ने कुरा महसुस हुन्छ। सामान्य हुनुको साथै हामी कति धेरै विशेष छौं भन्ने कुरा पनि महसुस हुन्छ। यति अनन्त र विशाल ब्रह्माण्डमा अहिलेसम्म हामीले जति पनि ग्रहहरूलाई देख्यौं, तिनीहरूमध्ये केवल एकै ग्रह पृथ्वीमा जीवन पाइएको छ। त्यसकारण हामी यो सम्पूर्ण ब्रह्माण्डमा धेरै सानो भएर पनि कति धेरै विशेष छौं। ब्रह्माण्डमा अरबौंको संख्यामा ग्रहहरू भए पनि केवल हाम्रै ग्रहमा जीवन शुरू हुनसक्यो। ब्रह्माण्डको बारेमा बुझ्ने खोज निरन्तर जारी छ। खोजको क्रमसँगै हामीले हाम्रो जीवन र अन्य धेरै कुराको बारेमा जटिलभन्दा जटिल प्रश्नहरूको उत्तर पाउँदै जानेछौं। हाम्रो अस्तित्वलाई बुझ्न सकनेछौं र हामीले स्वयंलाई अझ धेरै बुझ्न सकनेछौं।

**सन्दर्भ स्रोतहरू**

1. *Astrophysics for People in a Hurry, NEIL DEGRASSE TYSON, W. W. NORTON & COMPANY, Indepedendent Publishers Since 1923, New York, London.*
2. *https://nationalbook.com/*
3. *Study and Research of various websites, blogs, online portals, newspapers, youtube channels, etc.*

# पत्रकार महासंघको ७२ घण्टे 'अल्टिमेटम'

**काठमाडौं ।** नेपाल पत्रकार महासंघले अनलाइन सञ्चारमाध्यम दर्ता र नवीकरणको काम तत्काल खुलाउन सरकारलाई ७२ घण्टाको अल्टिमेटम दिएको छ। महासंघकी अध्यक्ष निर्मला शर्मा नेतृत्वको प्रतिनिधि मण्डलले सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ समक्ष ज्ञापनपत्र बुझाउँदै त्यस्तो अल्टिमेटम दिएको हो ।

महासंघका महासचिव रामप्रसाद दाहालद्वारा हस्ताक्षरित ज्ञापन पत्रमा अवरूद्ध दर्ता, नवीकरण सुरू नभए महासंघ आन्दोलनमा उत्रने उल्लेख छ ।

ज्ञापनपत्र बुझ्दै मन्त्री गुरूङले अनलाइन सञ्चारमाध्यमलाई परेको असहजता अन्त्य गर्न संक्रमणकालीन व्यवस्था गरिने र तत्काल नयाँ नियमावली पनि ल्याउने आश्वासन दिए । मन्त्रालयका सचिव राधिका अर्यालले सञ्चारमाध्यम दर्ता र नवीकरण सहज बनाउन पहल गरिने बताइन् ।

छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ संशोधन गरी अनलाइन सञ्चारमाध्यम दर्ता र नवीकरण स्थानीय प्रशासनमा गर्ने व्यवस्था पछि देशभर अनलाइन सञ्चारमाध्यमको दर्ता, नवीकरण र सञ्चालन अवरुद्ध छ ।

# धानबालीमा डढुवा रोगको समस्या : चिन्तामा किसान

**काठमाडौं ।** चितवनका तीन वटा स्थानीय तहमा लगाइएको धानबालीमा डढुवा रोगको समस्या देखिएपछि स्थानीय किसानलाई चिन्तामा पारेको छ। भरतपुर महानगरपालिका, कालिका नगरपालिका र इच्छाकामना गाउँपालिकामा उक्त समस्या देखिएको हो ।

कृषि विकास कार्यालय चितवनकी अधिकृत स्वस्तिका चौहानले दैनिकजसो पाँच-सात जना किसान डढुवा रोगको समस्या लिएर आउने गरेको जानकारी दिइन् । धानको पातको फेदमा डढुवासँगै पोटासको कमी, गभारो र मिलिबग जस्ता समस्या पनि देखिएका छन् ।

चौहानका अनुसार यो रोगमा डढुवाले पातको फेदमा अण्डाआकारको खैरो थोपाहरू भएपछि आकारमा वृद्धि हुँदै जान्छ र ढुसीको कालो गिर्खा देखा पर्ने बोटको माथिल्लो समेत पुगेर बोटै सुकेर डढेको जस्तो लक्षण देखिन गर्छ ।

नाइट्रोजन मल सिफारिस मात्रामा भन्दा बढी प्रयोग नगर्ने, उन्नत जातको धान रोप्दा बोटको दूरी बढाउने, भेलिडामाइसिन प्रयोग गरेर यसबाट बचाउन सकिने जानकारी दिँदै उनले ढुसी नाशक विषादीको प्रयोग गर्दा यो रोग नियन्त्रण गर्न सकिने जानकारी दिइन् ।

बीउ उत्पादन गर्ने क्षेत्र पश्चिम चितवनमा लगाइएका धानमा पोटासको कमि देखिएको जानकारी दिँदै उनले बीउ उत्पादन गर्ने १० हेक्टर क्षेत्रफलमा पोटासको कमीले पात पहेँलिने, टुप्पा सुक्ने लक्षण देखा परेको बताइन् । यसले गर्दा धानमा बाला नलाग्ने र उत्पादनमा कमी आउने गर्दछ ।

उनका अनुसार अहिले धानमा गभारोको समस्या समेत उत्तिकै देखिएको छ। वयस्क अवस्थामा विभिन्न आकार प्रकारका पुतलीहरू धानमा लाग्ने र त्यसले बनाउने लाभ्रेहरू बिरुवाको डाँठभित्र पसेर थप नोक्सान पुऱ्याउने गर्छ। यसले कलिलो बिरुवामा आक्रमण गरेर गावा मार्ने र धान फुल्ने अवस्थामा आक्रमण गरे भुस मात्र भएको सेतो बाला देखिने पनि उनले बताइन् ।

त्यसैगरी धानमा मिलिबग नामक रोगको समेत संक्रमण देखिएको छ । यो समस्या खाद्यतत्वको कमीले देखिने गर्दछ । अघिल्लो वर्षको तुलनामा धेरै क्षेत्रफलमा यो समस्या देखिएको छ । समयमा पानी नपर्दा बुढो बेर्ना रोप्ने किसानहरूका खेतमा यो समस्या देखिएको हो । यसले सानै बोटमा पसाउने र गाँज हाल्न नसक्ने हुन्छ । यो समस्या समाधान गर्न खेतमा पानीको सतह बढाउने, खेतभित्र र वरिपरी रहेका घाँसपातहरू हटाउने, कीराको प्रकोप ज्यादा भएमा तत्काल नजिकको कृषि कार्यालयमा सम्पर्क गर्न उनको सुझाव थियो ।

धानबाली रोग, किराको प्रकोप र बुढो बिउ रोप्नुपर्ने बाध्यताका कारण गत वर्षको तुलनामा धान उत्पादनमा कमी आउने अनुमान गरिएको छ ।

# संवादका माध्यमबाट सीमा समस्या हल गर्न प्रचण्डको सुझाव

**काठमाडौं ।** पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले कालापानी-लिपुलेकलगायतका सीमा समस्या आपसी संवाद र सहमतिका आधारमा समाधान गर्नुपर्नेमा जोड दिएका छन् ।

विराटनगर विमानस्थलमा बिहीबार सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी क्रममा पूर्वप्रधानमन्त्री दाहालले विगतमा कालापानी, लिपुलेक, लिम्पियाधुराजस्ता सीमा समस्या समाधानका लागि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबाट प्रतिबद्धता व्यक्त भएको स्मरण समेत गराए ।

आफू प्रधानमन्त्री हुँदा भारत भ्रमणको क्रममा सीमा समस्या समाधान नगरिकन छिमेकीसँगको सम्बन्ध सुमधुर हुन नसक्ने कुरा प्रष्ट रूपमा राखेको उल्लेख गर्दै अध्यक्ष दाहालले स्मरण गराए 'पछिल्लो पटक प्रधानमन्त्रीका रूपमा भारत भ्रमणका अवसरमा आयोजित 'प्रेस ब्रिफिङ'मा सीमा विवादका विषयमा चर्चा भएको र भारतीय प्रधानमन्त्री मोदीले सिमानाको समस्या जो बाँकी छ, त्यसलाई संवादद्वारा हल गरिन्छ भनेर प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।' यसैबीच, छिमेकी मित्रराष्ट्र भारतसँग संवादको प्रक्रिया थालेर दुई देशबीचको सीमा समस्या हल गर्न सरकारलाई अध्यक्ष दाहालले सुझाव समेत दिए ।

# उत्पादन संघर्ष नै समाजवादी यात्राको आधार हो : माओवादी

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)ले कृषि, उद्योग, जडीबुटी, पर्यटनजस्ता स्थानीय सम्भावनामा आधारित आत्मनिर्भर अर्थतन्त्र निर्माण तथा पार्टीलाई समाजवादतर्फ रूपान्तरण गर्ने आधार उत्पादन भएको निष्कर्ष निकालेको छ ।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आइतबार भएको आर्थिक उत्पादन विभागको पहिलो बैठकमा बोल्दै पार्टी अध्यक्ष पुष्पकमल दाहालले त्यस्तो धारणा व्यक्त गरेका हुन् । 'हामी समाजवादको यात्रातर्फ जाँदैछौं भने त्यसको मूल आधार उत्पादन हो । उत्पादनका निम्ति सिंगो पार्टी केन्द्रित नभई समाजवाद सम्भव हुँदैन' उनको भनाइ थियो ।

हेटौंडा महाधिवेशनले लिएको 'युद्ध होइन, उत्पादन संघर्ष' निर्णय कार्यान्वयन गर्न नसकिएको स्वीकार गर्दै अब पार्टीले जनतासँग प्रत्यक्ष जोडिन, समुदायमा फर्किन र उत्पादनलाई प्राथमिकतामा राख्न अभियान चलाउने समेत अध्यक्ष दाहालले बताए ।

# बाढीसम्बन्धी पूर्वसूचनालाई थप प्रवाकारी बनाइने

**काठमाडौं ।** जल तथा मौसम विज्ञान विभागले बाढीसम्बन्धी पूर्वसूचनालाई थप प्रभावकारी बनाउनका सर्वसाधारणलाई फोन गरेरै जानकारी दिने भएको छ । यसका लागि विभागले 'भ्वाइस कल' सेवा सुरु गर्ने तयारी गरेको हो ।

एसएमएस मार्फत सन्देश प्रवाह गर्दै बाढी आउने खतराबारे पूर्वजानकारी दिँदै आएको विभागले अबदेखि भने 'भ्वाइस कल'मार्फत पनि पूर्वसूचना सम्प्रेषण गर्ने तयारी थालेको उल्लेख छ । विभागका बाढीविद विनोद पराजुलीले नेपाल टेलिकमसँगको सहकार्यमा विभागले यही सातादेखि परीक्षणका रूपमा 'भ्वाइस कल'मार्फत सूचना प्रवाह गर्ने तयारी गरिरहेको जानकारी दिए ।

'मोबाइल एसएमएस सबै लक्षित वर्गमा पठाएर बाढीबाट हुने धनजनको क्षति न्यूनीकरण प्रयास गर्दै आएका थियौं । तर सबै जनताले एसएमएस आएको थाहा नपाउन सक्छन् वा सबैले एसएमएस पढ्न सक्दैनन्' उनले भने 'त्यसैले फोन नै गरेर सन्देश प्रवाह गर्ने तयारी गरेका हौं ।'

'एकै पटक धेरैलाई 'भ्वाइस कल' गर्दा सेवा अवरुद्ध कति हुन्छ ? भन्ने विषयमा थप परीक्षण गर्दैछौं । यही साता परीक्षण गर्ने तयारीका साथ छलफल भइरहेको छ' उनले भने । पराजुलीका अनुसार बाढीसम्बन्धी पूर्वसूचना उपलब्ध गराएपछि बाढीबाट हुने धनजनको क्षति न्यूनीकरण हुन थालेको छ । पूर्वसूचनालाई थप प्रभावकारी बनाउन पूर्वतयारी तथा पूर्वसूचनामा थप लगानी आवश्यक पर्ने उनको भनाइ थियो ।

'पछिल्लो समय पूर्वसूचनाका कारण धनजनको क्षति न्यून भएको छ । पहिला-पहिला तराईमा बाढीका कारण बढी क्षति पुग्थ्यो । पूर्वसूचना प्रणाली पनि तराईका नदीमा जडान भएका छन्' पराजुलीले भने 'तर पहाड र हिमाली क्षेत्रमा पूर्वसूचना प्रणाली कम छन् । बाढीका घटना पहाड र हिमालमा पनि हुन थालेकाले अब ती क्षेत्रमा पनि पूर्वसूचना प्रणाली जडान गर्न आवश्यक छ ।'

जलवायु तथा विपद व्यवस्थापनविद डा धर्मराज उप्रेतीले पनि जलवायु परिवर्तनको असरका कारण बाढीको घटना अब तराई केन्द्रित मात्र नभइ हिमाल तथा पहाडी क्षेत्रमा बढ्दै गएको भन्दै सोअनुसार अनुकूलनका कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको बताए ।

'बाढीबाट हुने धनजनको क्षति न्यूनीकरण गर्न पूर्वसूचनाको पहुँच अब सबै क्षेत्रमा हुनुपर्छ' उनले भने । उप्रेतीका अनुसार जलवायु परिवर्तनका कारण हिमताल फुट्ने जोखिम बढिरहेको छ र जसका कारण एक्कासि बाढी आउँदा धनजनको क्षति हुन थालेको छ । 'जोखिममा रहेका हिमताल क्षेत्रमा पूर्वसूचना प्रणाली जडान गर्न सकेमा सम्भावित क्षति न्यूनीकरण हुनसक्छ । एसएमएस मात्र नभइ 'भ्वाइस कल' ले अझ प्रभावकारी बनाउन सक्छ' उनले भने ।

# राष्ट्रपति र प्रधानमन्त्रीलाई भेटेर फर्किए विपिनका परिवार

**काठमाडौं ।** राष्ट्रपति रामचन्द्र पौडेलसँग प्यालेस्टिनी समूह हमासले बन्धक बनाएका महेन्द्रनगरका विपिन जोशीका आमा र बहिनीले भेट गरेका छन् । इजरायलस्थित नेपाली दूतावासको समन्वयमा विपिनका आमा पद्मा र बहिनी पुष्पा जोशीले इजरायल पुगेर त्यहाँका राष्ट्रपति र प्रधानमन्त्रीलाई भेटेर फर्किएका उल्लेख छ ।

विपिनकी आमा पद्मा र बहिनी पुष्पाले इजरायलमा रहँदा त्यहाँका राष्ट्रपति, प्रधानमन्त्री तथा विभिन्न देशका राजदूतहरुलाई भेटेको उल्लेख गर्दै यो विषय अन्तरराष्ट्रियस्तरमा पुगेको बताइन् । उनीहरूले विपिनको रिहाइका लागि थप पहल गरिदिन पनि सबैलाई आग्रह गरेको थिए ।

आमा पद्माले आफ्नो छोरो विपिन निर्दोष विद्यार्थी भएको भन्दै मानवीय दृष्टिले रिहाइका लागि पहल गर्न आग्रह गरिन् । त्यस अवसरमा राष्ट्रपति पौडेलले विपिनको रिहाइका लागि आफूले थप प्रयास गर्ने बताएका थिए ।



# संघीयतालाई वित्तीय र प्रशासनिक रूपमा प्रभावकारी बनाउनुपर्नेमा महामन्त्री थापाको जोड

**ललितपुर ।** नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले संघीयतालाई वित्तीय र प्रशासनिक रूपमा प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका छन् ।

उक्त दलको संघीय मामिला समन्वय विभागद्वारा पार्टीको केन्द्रीय कार्यालय सानेपामा आयोजित ‘संविधान संशोधन र संघीयताको सवलीकरण, संघ प्रदेश स्थानीय सरकारको समन्वय, प्रशासन र सुरक्षा निकायको भूमिका’ विषयक अन्तरक्रियामा बोल्दै उनले संघीयतालाई जनभावना अनुरूप प्रभावकारी बनाउनुपर्ने बताएका हुन् । ‘जति अप्ठ्यारो भए पनि संविधान संशोधनको पक्षमा नेपाली कांग्रेसले जिम्मेवारी लिनुपर्छ, उत्तेजना बढाउनेले जे बोले पनि हुन्छ, तर हामीमा जिम्मेवारी छ, संविधान संशोधन गर्ने कुरा पनि समयअनुसार परिमार्जन गर्दै जानुपर्छ’ उनले भने ।

राजनीतिक दलहरूको जनआन्दोलनको समयमा नयाँ राजनीतिक प्रणालीको स्थापना गर्ने र संविधान बदल्ने प्रतिबद्धता रहेको स्मरण गराउँदै उनले भने ‘संघीयता नहुँदा र अहिलेको खर्चमा त्यति धेरै अन्तर छैन, प्रदेशले कुनै नयाँ संरचना खडा गरेको छैन, यसका लागि प्रमाणमा आधारित छलफल गर्नुपर्छ, प्रणाली महंगोभन्दा पनि हामीले पो महंगो हुने बनाएका छौं कि ।’ अन्तरक्रियामा आफ्ना धारणा व्यक्त गर्दै सर्वोच्च अदालत बारका पूवअध्यक्ष एवं वरिष्ठ अधिवक्ता पूर्णमान शाक्यले गणतन्त्र, संघीयता, लोकतन्त्र, धर्म निरपेक्षता र मौलिक अधिकार वर्तमान संविधानको मुख्य अन्तरवस्तु भएकाले संशोधनको विषय उठ्दा यी विषयवस्तुलाई झनै सवल बनाउनुपर्ने बताए ।

लोकसेवा आयोगका पूर्वअध्यक्ष उमेश प्रसाद मैनालीले संघीयतामा स्थानीय सरकार, प्रदेश र संघको प्रशासनिक संरचनाको व्यवस्थापन, जनताको सेवामा स्थानीय सरकारको भूमिकाका बारेमा प्रस्तुतीकरण गरेका थिए भने संघीय मामिला समन्वय विभागका प्रमुख चन्द्रबहादुर केसीले राजनीतिक नेतृत्व र संविधानविदहरूले संविधानलाई समय सापेक्ष आवश्यकता अनुरूप परिमार्जन र गतिशील बनाउनुपर्नेमा जोड दिए ।

# देशभरका यी ९ सडकखण्ड बाढीपहिरोले पूर्ण अवरुद्ध

**काठमाडौं ।** अविरल वर्षाका कारण देशभरका विभिन्न नौ सडकमा आवतजावत पूर्ण अवरुद्ध भएको सडक विभागद्वारा बिहीबार जारी गरिएको सूचनामा उल्लेख छ । बाढी, पहिरोका कारण बिहीबार विभिन्न नौ सडक अवरुद्ध हुनुका साथै १ सय ५१ सडकखण्डमा एकतर्फी यातायात सञ्चालनमा आएको सोही सूचनामा उल्लेख छ ।

सूचनाअनुसार मुलुकभरका ३ सय ७१ सडकखण्डमध्ये २ सय ११ सडकखण्ड पूर्ण खुलेका छन् । सडक विभागका सूचना अधिकृत अमितकुमार शर्माले बाढी, पहिरो, डुबानले सडकमा क्षति पुग्नु, सवारी साधन आवतजावतमा समस्या हुनु, पुल बगाउनु, पुल तथा सडक निर्माण, अन्य मर्मतकार्यलगायतका कारण सडक अवरुद्ध भएको जानकारी दिए । ‘कतिपय स्थानमा अझै पनि बाढी, पहिरोका कारण मर्मत गरेर सडक सुचारु हुन सकेको छैन । कतिपय स्थानमा पहिरो पन्छाउने काम भइरहेको छ’ उनले भने । विभागका अनुसार गत असार २४ गते हिमताल फुटेर चीनबाट आएको बाढीका कारण गल्छी, त्रिशुली-मैलुङ-स्यापुबेशी-रसुवागढी सडकखण्ड अझैसम्म पूर्णरूपक अवरुद्ध भएको छ । यसैगरी हुम्लाको पैमा नदीमा पानीको बहाव बढिरहेको कारण कर्णाली करिडोर दक्षिण खण्ड पनि पूर्णरूपक अवरुद्ध छ ।

पानीको बहाव बढिरहेको र पुल निर्माण भइरहेको कारण उत्तर-दक्षिण कोशी राजमार्ग पनि पूर्णरूपक अवरुद्ध भएको विभागको तथ्यांकमा उल्लेख छ । साउन ६ गतेको बाढीले बेलिब्रिज बगाएका कारण तमोर करिडोरको चतुरा-मुलघाट-माझीटार-अमरापुर डाँडा-गणेशचोक सडकखण्ड अवरुद्ध भएको विभागले जनाएको छ । विभागले तातोपानी-टिमुरेस्थित ठोरी-रसुवागढी सडक पनि पूर्णरूपक अवरुद्ध भएको र हाल पहिरो पन्छाउने काम भइरहेको समेत उल्लेख गरेको छ । विभागका अनुसार पश्चिम रुकुमको भेरी करिडोर अन्तर्गत छिन्चु-मरिम सडकखण्ड पनि पूर्णरूपक अवरुद्ध भएको र लेदो पहिरो पन्छाउने काम भइरहेको छ ।

‘रोल्पाको सहिद राजमार्ग पनि पूर्ण रूपक अवरुद्ध छ । निरन्तरको वर्षापछि पहिरो खसिरहेकाले वर्षा रोकिएपछि मात्रै पहिरो पन्छाउने काम हुनेछ’ विभागको तथ्यांकमा उल्लेख छ ‘दैलेखको सुर्खेत-तल्लो डुगेश्वर-जुम्ला सडकखण्ड समेत लगातार सुख्खा पहिरो खसिरहेकाले राति बाटो बन्द हुने र दिउँसो सुचारु हुने काम भइरहेको छ । यसैगरी अरनिको राजमार्गको सिन्धुपालचोकस्थित सडकखण्ड पूर्ण रूपक अवरुद्ध भएको छ ।

# अधिकांश स्थानमा वर्षाको सम्भावना, सतर्क रहन आग्रह

**काठमाडौं ।** पछिल्लो समय मनसुनको न्यूनचापीय रेखा सरदर स्थानको आसपासमा अवस्थित रहेको जानकारी दिँदै जल तथा मौसम विज्ञान पूर्वानुमान महाशाखाले बंगालको खाडीबाट मनसुनी हावाको प्रभाव बढेको उल्लेख गरेको छ ।

महाशाखाका अनुसार बिहीबार दिउँसो वाग्मती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशलगायत देशका पहाडी भागमा साधारणतया बदली रही बाँकी भागमा आंशिक बदली रही वाग्मती, गण्डकी, लुम्बिनी प्रदेशको तराई र सुदूरपश्चिम र कर्णाली प्रदेशको पहाडी भागका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ ।

त्यसैगरी राति देशभर साधारणतया बदली तथा देशका पहाडी भागका धेरै स्थानमा मध्यम वर्षा हुने समेत महाशाखाले अनुमान लगाएको छ । गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी क्षेत्रका साथै लुम्बिनी र कोशी प्रदेशका तराई भगका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको पनि महाशाखाले उल्लेख छ ।

महाशाखाले वर्षाका पहिरो तथा गेग्रान बहाव (डेब्रिज फ्लो)को जोखिम रहेको, ठूला तथा साना नदीनाला र खोलाहरूमा पानीको सतह बढ्न सक्ने तथा यातायात क्षेत्र प्रभावित हुनसक्ने प्रक्षेपण गर्दै सबैलाई सतर्क रहन तथा पूर्वतयारी गर्न अनुरोध गरेको छ ।

# जापानिज इन्सेफलाइटिसबाट सयभन्दा बढी संक्रमति, बीस जनाको मृत्यु

**काठमाडौं ।** देशभरका विभिन्न स्थानमा जापानिज इन्सेफलाइटिसको संक्रमण बढ्दै गएको स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखा बालस्वास्थ्य तथा खोप शाखाले जनाएको छ । शाखाप्रमुख डा अभियान गौतमका अनुसार पछिल्लो समय देशभरका विभिन्न क्षेत्रमा एक सय तीन जनामा जापानिज इन्सेफलाइटिस पुष्टि भएको र २० जनाको मृत्यु भएको हो ।

संक्रमणबाट झापा, मोरङ, तेह्रथुम, बारा, सिन्धुली, अर्घाखाँची, प्यूठान, दाङ, बर्दिया, कैलाली, रौतहट, नवलपरासीपूर्व, चितवन र नवलपराली पश्चिममा मृत्यु भएको हो । जापानिज इन्सेफलाइटिसको संक्रमण खोप नलगाएका मानिसमा बढी भेटिएको डा. गौतमले बताए । सत्तरी प्रतिशतभन्दा बढी मृत्यु १५ वर्षभन्दा माथिको उमेर समूहका बिरामीको भएको छ ।

क्युलेक्स प्रजातिको लामखुट्टेको टोकाइबाट जापानिज इन्सेफलाइटिस हुने जानकारी दिँदै स्वास्थ्यकर्मीहरूले यसले मानिसको मस्तिष्कमा गम्भीर संक्रमण भई बिरामीको मृत्यु हुने गरेको बताए ।

# गजल वाचनसहित मोतीजयन्ती सम्पन्न

**गण्डकी प्रदेश ।** पोखरेली युवा सांस्कृतिक परिवारले नियमित रूपमा सञ्चालन गर्दै आइरहेको ‘समता काव्य सन्ध्या’ को ३८४औं शृङ्खलामा मोतीजयन्ती विशेष गजल वाचन गरिएको छ । कार्यक्रममा नेपाल संगीत नाट्य प्रज्ञा-प्रतिष्ठानका पूर्वकुलपति साहित्यकार सरुभक्तले युवाकवि मोतीराम भट्ट छोटो समय बाँचेर पनि नेपाली साहित्यको अद्वितीय सेवा गर्नुभएकाले समस्त युवाले उनीबाट धेरै सिक्नसक्ने बताए । मोतीराम भट्ट नेपाली गजल विधाका प्रारम्भकर्ता भएका उल्लेख गर्दै उनले नेपाली गजल स्रष्टाहरूले भट्टलाई भुल्न नसक्ने धारणा व्यक्त गरे । केही समय पहिलासम्म कस्तालाई गजल भन्ने र कस्तालाई नभन्ने भन्ने विवाद रहेकामा ‘पोखरेली गजल समूह’ले गजलसम्बन्धी घोषणापत्र निकालेपछि यो विवाद अन्त भई नवोदित गजलकारलाई लेखनमा लाग्न नवीन उत्साह पैदा भएको उनको भनाइ थियो ।

संस्थाका उपाध्यक्ष लक्ष्मण थापाले युवाकवि मोतीराम भट्ट बहुमुखी प्रतिभाशाली कवि, गीतकार, गजलकार, नाटककार, नाटक निर्देशक र जीवनीकार भएको उल्लेख गर्दै उनले यससँगै पढ्दै, लेख्दै, सम्पादन गर्दै, पत्रिका चलाउँदै, संघसंस्था खोल्दै, पुस्तकालय खोल्दै, छापाखाना चलाउँदै भानुभक्त आचार्यलाई प्रकाशनमा पनि ल्याउन सफल भएको बताए । विश्वसाहित्यका ज़ोन किट्स, शेली, सिल्भिया प्लाथलगायत झैं मोतीरामले ३० वर्षमात्र बाँचेर पनि अद्वितीय काम गरेको उनको भनाइ थियो ।

कार्यक्रममा विम्ब कवि एवं प्राज्ञ रमेश श्रेष्ठ, नेपाली लेखक संघ गण्डकीका अध्यक्ष ईश्वरमणि अधिकारी, पोखरा प्रज्ञा-प्रतिष्ठानका पूर्वकुलपति पदमराज ढकाल, सरस्वती श्रेष्ठ सरु, दीपक समीप, प्रकाश ज्ञवाली, शिव त्रिपाठी, जमुना कायस्थ, कृष्ण सुवेदी, विर्सना बस्नेत, सुरज पौडेल, भूमिराज बस्ताकोटी, रेशम गिरी, यशोधा गौतम, नवराज न्यौपाने, त्रुपक, संस्थाकी अध्यक्ष रिता अधिकारी ऋतु, साहित्य विभागकी संयोजक केशु शर्मा, सचिव एमडी काफ्लेलगायतले गजल वाचन गरेका थिए ।

# वीरगञ्जमा हैजा : नियन्त्रणका लागि सुरक्षा निकायले समन्वय गर्ने

**काठमाडौं ।** वीरगञ्जमा फैलिएको हैजा नियन्त्रणका लागि सुरक्षा निकायले समन्वय तथा सहकार्य गर्ने भएको छ । मधेस प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीको अध्यक्षतामा जनकपुरधाममा बसेको प्रदेश सुरक्षा समितिको बैठकले त्यस्तो निर्णय गरेको हो ।

बैठकले थप हैजा फैलिन नदिन र उच्च सतर्कता अपनाउन सबैलाई आग्रह समेत गरेको छ । महामारी नियन्त्रणका लागि खानेपानी तथा स्वास्थ्य मन्त्रालयसँग सहकार्य गरेर ढल तथा खानेपानीको पाइप मिसिएको ठाउँको खोजी, अनुसन्धान तथा मर्मतका लागि आवश्यक परेको खण्डमा सम्बन्धित निकायसँग सुरक्षा निकायले सहकार्य गर्ने निर्णय गरिएको मन्त्री लेखीले जानकारी दिए । प्रदेश सुरक्षा समितिबाट हैजा नियन्त्रणका लागि परिचालन भएका स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीलाई सुरक्षा निकायका तर्फबाट सबै प्रकारको सहयोग गर्ने निर्णय भएको उल्लेख गरिएको छ । खानेपानीको पाइपमा ढल मिसिएका कारण हैजा फैलिएको विषयमा बैठकमा सुरक्षा निकायबाट रिपोर्टिङ भएको गृहमन्त्री लेखीले पत्रकारहरूलाई जानकारी दिए ।

बैठकमा गौर घटनाका विषयमा सर्वोच्च अदालतबाट भएको परमादेश र त्यसपछि सुरु भएका विरोध प्रदर्शनसहितको विषयमा समीक्षा भएको जनाइएको छ । बैठकमा गृह, सञ्चार तथा कानुन मन्त्रालयका सचिव विमल बराल, नेपाल प्रहरीका प्रदेश प्रहरी प्रमुख उमाप्रसाद चतुर्वेदी, सशस्त्र प्रहरीका नायब महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभाग तथा नेपाली सेनाका मधेस प्रदेश प्रमुखको उपस्थिति थियो । वीरगञ्ज महानगर आसपासमा देखिएको झाडापखाला र हैजा नियन्त्रणका लागि प्रादेशिक अस्पताल गौरका डा परशुराम यादव र डा विष्णुकुमार साह नेतृत्वको स्वास्थ्यकर्मीको टोली खटाइएको छ ।

प्रादेशिक अस्पताल गौरका अध्यक्ष मोहम्मद अनवर हासमीले वीरगञ्जमा झाडापखाला र हैजाका बिरामी देखापरेपछि आवश्यक सहयोग चिकित्सकसहितको टोली वीरगञ्ज पठाइएको जानकारी दिए । वीरगञ्जमा हालसम्म ७९ जना हैजाका बिरामी भेटिएका छन् भने झाडापखालाजन्य लक्षण देखिएका एक सय तीन जना उपचार गराइरहेको जनस्वास्थ्य कार्यालयले जनाएको छ ।

# उत्कृष्ट महिला प्रहरी पुरस्कारको सुरुआत

**काठमाडौं ।** काठमाडौं प्रहरीले महिला प्रहरीलाई प्रोत्साहन गर्न ‘महिनाको उत्कृष्ट प्रहरी’ बाट पुरस्कृत गर्ने कार्यको थालनी गरेको छ । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीका अनुसार यस पटकदेखि महिला प्रहरीको योगदानको उच्च मूल्यांकन गर्दै मासिक रूपमा पुरस्कारको थालनी गरिएको हो ।

यस पटक नगर प्रहरी कार्यालय भृकुटीमण्डपमा कार्यरत प्रहरी जवान प्रमिला श्रेष्ठ र जिल्ला प्रहरी परिसर काठमाडौंमा कार्यरत प्रहरी सहायक निरीक्षक टेककुमारी पाण्डेलाई महिनाको उत्कृष्ट महिला प्रहरी घोषणा गर्दै सम्मान प्रदान गरिएको उनले जानकारी दिए ।

प्रथम नेपाल प्रहरी महिला सम्मेलनको पूर्वसन्ध्यामा प्रहरी संगठनबाट आफूलाई प्राप्त जिम्मेवारी व्यावसायिक निष्ठा, सांगठनिक नीति बमोजिम कुशलतापूर्वक सम्पादन गरेको तथा कार्यालयबाट तोकिएका काम कारबाही तदारुकताका साथ निर्वाह गरेको भन्दै कदर स्वरूप उक्त सम्मान प्रदान गरिएको प्रमुख अधिकारीले जनाए । नेपाल प्रहरीले केही दिनअघि मात्रै सम्पन्न गरेको महिला प्रहरी सम्मेलनमा समेत महिला प्रहरीको भूमिकालाई प्रशंसा र प्रोत्साहन गर्नुपर्ने निष्कर्ष निकालेको थियो ।

# बस्तीमा बाढी, १४० घरपरिवार जोखिममा

**भक्तपुर ।** जिल्लास्थित चाँगुनारायण नगरपालिका-१ बेंसीमा मनोहरा खोलाले कटान गरी बाढी बस्तीमा पसेपछि १४० घरपरिवार जोखिममा परेका छन् । लगातार वर्षाका कारण मनोहरा खोलामा बहाब बढेर बाढी बस्ती पसेर जोखिम बढेपछि उक्त  खोलाको बहाव फर्काउने काम गरिएको वडाध्यक्ष सिजन कार्कीले जानकारी दिए ।

चाँगुनारायण-१ बेंसी र कागेश्वरी मनोहरा नगरपालिका-६ मूलपानीका समन्वयमा अस्थायी रूपमा खोला फर्काएर बस्ती जोगाउने प्रयास गरिएको हो । उनले उक्त समस्या स्थायी रूपमा समाधान गर्न तीनवटै नगरपालिकाबीच समन्वय गरिने बताए । चाँगुनारायणका नगर प्रमुख जीवन खत्रीले मनोहरा करिडोर निर्माण गरी स्थायी समस्या समाधान गर्न बजेट व्यवस्थापनको पहल भइरहेको जानकारी दिए ।

बाढीले चाँगुनारायण-१ दुवाकोटतर्फको जमिन कटान गरेको छ । मनोहरा खोलामा बन्दै गरेको पुलसम्म जाने सडक पनि खोलाले बगाएको छ । बस्ती नजिक खोला आइपुगेपछि स्थानीय त्रसित भएका छन् ।

# विशिष्ट श्रेणीको व्यवस्था यथावत

**काठमाडौं ।** राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिको बैठकमा राजपत्रांकित विशिष्ट श्रेणीका कर्मचारीको पदावधि प्रतिनिधिसभाबाट पारित भएको व्यवस्थाअनुसार कायम राख्ने सहमति गरिएको छ । समितिको बैठकमा प्रतिनिधिसभाले पारित गरेको राजपत्रांकित विशिष्ट श्रेणीको चौधौं तह ( मुख्यसचिव र मुख्य रजिष्ट्रार)को पदावधि दुई वर्ष र विशिष्ट श्रेणी चौधौं तहको पदावधि चार वर्ष कायम गर्ने सहमति जुटेको हो ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रस्ताव गरेको विधेयकमा संघीय सरकारको मुख्यसचिव र सर्वोच्च अदालतको मुख्य रजिष्ट्रारको पदावधि तीन वर्ष र सचिवको पदावधि पाँच वर्ष प्रस्ताव गरेको थियो । अहिले कार्यान्वयनमा रहेको निजामती सेवा ऐन,२०४९ मा मुख्यसचिव र मुख्य रजिष्ट्रारको पदावधि तीन वर्ष र सचिवको पदावधि पाँच वर्ष रहेको छ । समितिका सदस्य डा अन्जान शाक्यले निजामती क्षेत्रमा रहेका युवालाई प्रोत्साहन गर्ने उद्देश्यले निजामती ऐन बनाउनुपर्नेमा जोड दिइन् । सांसद सुरेशकुमार आले मगरले समानताका लागि संविधानमा आरक्षणको व्यवस्था गरिएको उल्लेख गर्दै नयाँ निजामती ऐनले समावेशी र समानुपातिक व्यवस्थालाई अनुकरण गर्नुपर्ने धारणा राखे ।

बैठकमा सांसद झक्कुप्रसाद सुवेदीले बढुवासम्बन्धी व्यवस्थामा दलित र महिलाका लागि चार वर्षको अवधि राख्नुपर्ने बताए भने सांसद गंगाकुमारी वेल्वासेले समावेशिता सकारात्मक विभेद भएकाले दलित, महिला तथा पछाडि परेका समुदायका कर्मचारीका लागि समावेशी सिद्धान्त कार्यान्वयन गर्नुपर्नेमा जोड दिइन् । उनले दलित, महिला तथा पछाडि परेका समुदायको हकमा बढुवा गर्दा विशेष व्यवस्था गर्नुपर्ने धारणा राखिन् । सामान्य प्रशासन मन्त्रालयका सहसचिव मिरा आचार्यले कर्मचारीको अनिवार्य अवकाश ६० वर्ष हुने भएपछि बढुवाको हकमा पाँच वर्षको कार्यअवधि राख्नुपर्ने तर्क अघि सारिन् । उनले अनिवार्य अनुकाश हुने समयावधि बढेसँगै बढुवा हुने समय पनि बढ्नु व्यावहारिक पक्ष भएको धारणा व्यक्त गरिन् ।

# उत्तरकाशी क्षेत्रको पहिरोमा बेपत्ता बर्दियाका ३ को अन्त्येष्टि

**काठमाडौं ।** भारतको उत्तरकाशी क्षेत्रको धारलालगायत गाउँमा वर्षापछि गएको पहिरोमा पुरिएर बेपत्ता भएका बर्दियाका तीन जनाको कुशको शव बनाएर अन्त्येष्टि गरिएको छ ।

पहिरोमा परी बेपत्ता भएकाको खोजी गर्दा फेला पार्न नसकेपछि आफ्नै गाउँमा फर्किएर कुशको शव बनाई अन्त्येष्टि गरिएको बर्दिया मधुवन नगरपालिका-६ बुद्धनगरका चुडामणि खड्काले जानकारी दिए । खड्काका ३७ वर्षीय छोरा नरेन्द्र खड्का, बुहारी सरस्वती खड्का भण्डारी र दुई वर्षको नाति रोमन उक्त पहिरोमा पुरिएर बेपत्ता भएका थिए । घटनास्थल पुगेर फर्किएका खड्काले भने 'पहिरोमा पुरिएकाको आफ्ना सन्तानको खोजीका लागि घटनास्थलमै पुगेका थियौं । त्यहाँ भेटिनुभएका उत्तरप्रदेशका मुख्यमन्त्री पुस्करसिंह धामी, प्रहरी अधिकृतलाई पनि खोजतलासका लागि आग्रह गर्‍यौं, तर पत्ता लगाउन सकिएन ।'

उनका अनुसार पहिरोमा पुरिएका छोरा नरेन्द्रको एक हातको अंग मात्रै फेला परेपछि निजको मृत्यु भएको पहिचान गरिएको थियो । 'छोराको हातमा 'सुमन' लेखिएको थियो, त्यसै आधारमा आफूले छोराको शव पहिचान गरेर हात उतै गाडेर फर्किए । घरमा पुगेर कुशको शव बनाई तीनै जनाको अन्त्येष्टि गरेका हौं' खड्काले भने । मधुवन नगरपालिका-५ की अमृता परियार पनि उक्त पहिरोमा पुरिएर बेपत्ता भएका थिए । उनले अवस्था पनि अज्ञात छ । आर्थिक अवस्था कमजोर भएको खड्का परिवारका सदस्य सडकलगायत निर्माण क्षेत्रमा मजदुरी गर्न उत्तरकाशी क्षेत्रमा पुगेका थिए ।

धारला क्षेत्रमा निर्माणाधीन सडक छेउको खोला किनारमा बनाइएको टहरोमा बसेका बेला अकस्मात माथिबाट ठूलो पहिरो खस्दा खड्का, उनकी श्रीमती र छोरासहित व्यक्ति पुरिएका थिए । त्यस दिन धारलासहित तीन ठाउँमा ठूलो पहिरो गएको र त्यसमा जाजरकोटका २१ जना पहिरोमा पुरिएर बेपत्ता भएका थिए । मृतकका भाइ गुप्तराज खड्काले मजदुरी गरेर कमाई गर्ने दाजुको निधन भएपछि परिवार आर्थिक संकटमा परेको दुःखेसो सुनाए । मधुवन नगरपालिका कार्यालयले किरिया खर्च दिने भने पनि हालसम्म पाउन नसकेको उनले गुनासो गरे ।

# तीज पर्व मनाइयो : 'महिला–पुरुषकै लागि ब्रत अनिवार्य'

**काठमाडौं ।** भाद्र शुक्ल तृतीयाका दिनमा मनाइने हरितालिका अर्थात तीज पर्वका अवसरमा यस वर्ष मंगलबार देशभरका शिवालयहरूमा देवादिदेव महादेवको पूजाआराधना गरी मनाइएको छ ।

तीज पर्वका अवसरमा पशुपति क्षेत्र विकास कोषले ब्रतालुहरूका लागि पशुपतिनाथ मन्दिर बाहिरी क्षेत्रमा चार लाइन तथा भित्री क्षेत्रमा आठ लाइनमा बस्ने गरी व्यवस्था मिलाउने तयारी गरेको कोषका निमित्त सदस्यसचिव शुभाषचन्द जोशीले जानकारी दिए । कोषका कोषाध्यक्ष नारायणप्रसाद सुवेदीले लाइनमा बस्न उचित व्यवस्था मिलाइएको जानकारी दिँदै मन्दिरका चारै ढोका बिहान ३ बजेदेखि नै खुला गरिने बताए ।

तीजका लागि पशुपति क्षेत्रमा सुरक्षा व्यवस्था, स्वयंसेवक परिचालन, ट्राफिक एवं पार्किङ व्यवस्था, स्वास्थ्य सेवा, सरसफाइ तथा जुत्ता-चप्पल कक्षको व्यवस्थापन एवं सञ्चालन गरिने कोषका सूचना अधिकारी अनिता भट्टले बताइन् । भाद्र शुक्ल तृतीयामा व्रत बसी शिव-पार्वतीको पूजा, उपासना गरेमा पारिवारिक सुख, शान्ति र कल्याणको प्राप्ति हुने धार्मिक विश्वासअनुसार नै तीज पर्व मनाइएको हो । सत्ययुगमा हिमालय पुत्री पार्वतीले गौरीघाटमा बसी तपस्या गरेर श्री महादेव पति पाउने वरदान पाएको विश्वासमा यो व्रत सुरु भएको पौराणिक मान्यता छ ।

सत्ययुगमा भाद्र शुक्ल तृतीयाकै दिन निराहार व्रत बसी पार्वतीले श्रीमहादेव स्वामी पाएकीले आजको दिनमा व्रत बस्दा मनोकामना पूरा हुने विश्वास रहँदै आएको भए तापनि सबै नारी निराहार ब्रत बस्नुपर्छ भन्ने नरहेको धर्मशास्त्रविद प्राडा रामचन्द्र गौतमले सुनाए । 'निराहार, जलाहार र फलाहार गरी तीन किसिमका ब्रत छन् । सक्नेले निराहार, नसक्नेले जलाहार र जलाहार पनि नसक्नेले फलाहार ब्रत गर्नु उत्तम हुन्छ' उनले भने 'सर्वतः आत्मानं गोपायेत्' अर्थात सबैतिरबाट आत्माको रक्षा गर अनि मात्र ब्रत गर भन्ने धर्मशास्त्रीय वाक्यलाई पनि विचार गरेर ब्रत गर्नु उत्तम हुन्छ ।'

स्वास्थ्य ठीक नहुनेले गहुँ वा मकैको रोटी, स्याउ, सुन्तला, केराजस्ता फलाहार गरेर पनि ब्रत बस्न सकिने प्राडा गौतमले जानकारी दिए । श्रीमानको दीर्घायुको कामनाका लागि मात्र तीजको ब्रत बसिने भनेर गलत प्रचार भइरहेको वाल्मीकि विद्यापीठ धर्मशास्त्र विभागका पूर्वप्रमुख समेत रहेका उनले भने 'अटल सौभाग्यको कामना, सन्तान प्राप्ति, अविवाहित केटी एवं केटाहरूले असल वर र बधु प्राप्तिका लागि पनि तीजको ब्रत बस्ने शास्त्रीय विधान छ ।'

नारीले परिवारको अभिभावकका रूपमा प्रतिनिधित्व गरी ब्रत बस्ने भएकाले नसकेका अवस्थामा पुरुषले पनि ब्रत बस्ने गरेका छन् । यस अर्थमा हाल केही नारीवादीले उठाएजस्तो विभेदकारी ब्रत परम्परा पनि तीज नभएको धर्मशास्त्रविद गौतमको भनाइ छ । समग्रमा मनोकामना पूर्ण गराउने र सम्पूर्ण परिवारको कल्याणका लागि यो ब्रतको प्रयोजन रहेको धर्मशास्त्रीको मत छ । आत्मावादी र ईश्वरवादी दुवैले यो ब्रत लिने गरेका छन् । समग्रमा परिवारको यस लोकमा सुख, शान्ति र पारलौकिक सद्गतिका लागि तीजको ब्रतको महत्त्व छ ।

धर्मशास्त्रीय रूपमा महिला, पुरुष दुवैले हरितालिका तीजको ब्रत गर्नुपर्ने भउ पनि सामाजिक चर्चा भने महिलाले श्रीमानको दीर्घायुको कामनाका लागि ब्रत बस्ने गरेको बुझाइ छ । ब्रत गर्ने पुरुषले विधुर हुनु नपर्ने, नारीले अटल सौभाग्य र अविवाहित केटा, केटीले गुण सम्पन्न वर वा वधु पाउने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद एवं नेपाल पञ्चाङ्अष्ग निर्णायक विकास समितिका पूर्वसदस्य अध्यक्ष प्राडा देवमणि भट्टराइले बताए ।

ब्रत सकाम, निष्काम, नित्य, नैमित्तिक, र काम्य गरी पाँच किसिमका छन् । तीजको ब्रत नित्य र काम्य दुवै खालको भएको धर्मशास्त्रीय मान्यता छ । तीजको ब्रत हिन्दु मात्रका लागि नभई मानव मात्रका लागि भएको कुरा धर्मशास्त्रीय ग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद प्रातोयराज नेपालको कथन छ । 'अकरणे प्रत्यवाय श्रवणात् करणे फल श्रवणाच्च हरितालिका व्रत नित्यं काम्यं च भवति' भनी धर्मशास्त्रीय ग्रन्थमा उल्लेख गरिएकाले पनि यस ब्रतलाई संकुचित अर्थमा लिन नहुने पनि उनको भनाइ छ । जसको अर्थ यो ब्रत नगर्दा दोष लाग्छ, गरेमा फल प्राप्त हुन्छ, यो ब्रत नित्य र नैमित्तिक दुवै हो भन्ने हुन्छ ।

कालान्तरमा पुरुषले घर बाहिरको काम गर्ने र महिलाले गृह व्यवस्थापनका काम गर्ने प्रचलन बस्न थाल्यो । महिलाले घरलगायत धर्मकर्मका काम गर्न थालेपछि ब्रत बस्ने जिम्मेवारी पनि दिइएको बुझिन्छ ।

यस वर्ष सोमबार दर खाएपछि औपचारिक रूपमा सुरु भएको तीज पर्व बिहीबार ऋषि पञ्चमीमा समापन भएको छ । तृतीयाका दिन हरितालिका व्रत, चौंथीका दिन, गणेश भगवानको पूजा र पञ्चमीका दिन स्नान गरी अरुन्धतीसहित सप्तऋषिको पूजा गरी तीज पर्व समापन गर्ने परम्परा रहँदै आएको छ । पछिल्ला वर्षहरूमा तीजका नाममा उच्छृङ्खलता र तडक भडक बढ्दै र मौलिकता हराउँदै गएको छ । एक महिना अघिदेखि दर खाने, गरगहना एवं पोशाक प्रदर्शन गर्नेजस्ता गतिविधिले तीजको संस्कृतिलाई विकृतिका रूपमा लैजान खोजेको छ । यातायात र सामाजिक सञ्जालमा आएको परिवर्तनसँगै संस्कृतिमा पहिलेको अवस्थामा परिवर्तन हुँदै जाँदा त्यसको प्रभाव तीज पर्वमा समेत परेको छ ।

# रोपो कुहिन थालेपछि किसान चिन्तित

**काठमाडौं ।** बागलुङको काठेखोला गाउँपालिका-१ पालाका तुलबहादुर खत्रीको दुई हलको मेलामा रोपेको धानको रोपो पूर्ण रूपमा कुहिएको छ । गोडमेल गर्ने बेलामा केही गाँज कुहिएको थियो । रोपो कुहिन थालेपछि औषधि छर्किए पनि कुहिन नरोकिएको भन्दै उनले हेर्दाहेर्दै खेत रित्तै हुन थालेको बताए ।

काठेखोला गाउँपालिका, बागलुङ नगरपालिका र जैमिनी नगरपालिकाका अधिकांश किसान खत्रीको जस्तै रोपो कुहिने समस्याले चिन्तित छन् । किसानले कृषि ज्ञान केन्द्रमा रोपो कुहिएको र सुकेको जानकारी गराएका छन् । ज्ञान केन्द्र प्रमुख राजेश्वर सिलवालसहितका प्राविधिकको टोलीले स्थलगत जाँच गरेको छ । गवारो कीरा र खेत कुहिने रोगका कारण अधिकांश किसानको रोपो कुहिएको र सुकेको सिलवालले बताए । सिलवालका अनुसार किसानमा प्राविधिक ज्ञानको अभावले रोपो कुहिने र सुक्ने समस्या देखिएको हो ।

जथाभावी झारनाशक विषादीको प्रयोग गरेका कारण पनि रोपोमा समस्या देखिएको उनले बताए । 'रोपो कुहिएको र सुकेको भन्दै दैनिक कृषि ज्ञान केन्द्रमा सात जनाभन्दा बढी किसान आउनुहुन्छ' उनले भने 'खेतमै पुगेर अनुगमन गर्ने र सल्लाह सुझाव दिने गरेका छौं ।' गौरिया, मसिनो, गुडुरा, जेठोबुढो र हाइब्रिड धानमा बढी समस्या देखिएको कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत सन्तोष अधिकारी बताए । निरीक्षणपश्चात समस्याअनुसार विषादी दिएर पठाउने गरेको उनले बताए ।

रोपो पहेंलो हुने समस्या देखिएपछि किसानले युरिया मल प्रयोग गर्दा समस्या थपिएको भन्दै उनले यस वर्ष जिल्लामा धानखेती हुने पाँच हजार सात सय सात हेक्टर क्षेत्रफलमध्ये पाँच हजार चार सय ७८ हेक्टर क्षेत्रफलमा रोपाइँ भएको जानकारी दिए ।

# कालापानी–लिपुलेकमा छिमेकीबीचको सहमतिबारे कुरा उठाइने

**काठमाडौं ।** प्रधानमन्त्री केपी शर्मा ओलीको आगामी चीन भ्रमणका क्रममा चीनका राष्ट्रपति र भारतका प्रधानमन्त्रीसँग हुने भेटवार्तामा नेपालको कालापानी-लिपुलेकका विषयमा चीन-भारतबीच भएको सहमतिबारे कुरा उठाइने उल्लेख गरिएको छ ।

मन्त्रिपरिषदका निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता पृथ्वी सुब्बा गुरुङले सांघाई सहयोग संगठन (एसइओ) शिखर सम्मेलनमा भाग लिन चीन जाने सिलसिलामा सो विषयमा प्रधानमन्त्रीले छिमेकी मुलुकबीच भएको सहमतिबारे कुरा उठाइने जानकारी दिए । प्रधानमन्त्री ओलीले यही भदौ १४ देखि १८ गतेसम्म चीनको भ्रमण गर्नुहुने तय भएको छ । सञ्चार तथा सूचनाप्रविधि मन्त्री गुरुङले भने- 'भारत र चीनका विदेशमन्त्रीबीच लिपुलेकका विषयमा भएको सहमति नेपालको सार्वभौमिकताका विरुद्धमा छ । सांघाई फोरमका सिलसिलामा छिमेकी शीर्ष नेतृत्वबीच हुने उच्चस्तरीय भेटघाटमा यो विषयमा कुराकानी हुन्छ ।' भ्रमणका क्रममा प्रधानमन्त्री ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच 'साइडलाइन' भेटवार्ताका लागि दुवै देशका तर्फबाट तयारी भइरहेको उनको भनाइ थियो ।

मन्त्री गुरुङले भारत र चीनका विदेशमन्त्रीबीच नेपालको लिपुलेक भएर व्यापारिक मार्ग प्रयोग गर्ने सन्दर्भमा भएको सहमतिबारेमा नेपाल सरकारका तर्फबाट यसअघि नै परराष्ट्र मन्त्रालयमार्फत कूटनीतिक नोट जारी गरिसकेको बताए । सरकारले नयाँ र ठूला योजना नथप्ने र गर्नसक्ने योजनामात्रै नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्ने नीतिलाई कडाइका साथ अवलम्बन गरिने उनले उल्लेख गरे । खस्किँदो अर्थतन्त्र वर्तमान सरकारका नीति र क्रियाकलापले लयमा फर्किएको बताउँदै उनले अन्तरमन्त्रालय समन्वयका कारण तीव्रगतिमा हुन नसकेका विकास पूर्वाधारलाई समन्वय गरी अघि बढाइने प्रतिबद्धता व्यक्त गरे । मन्त्रालयका कामलाई चुस्तदुरुस्त बनाउन तथा प्रभावित हुन नदिन मन्त्रीको विदेश भ्रमणमा कडाइ गरिएको तथा मन्त्री र सचिव एकैसाथ भ्रमणमा जान नदिने व्यवस्था गरिएको उनको भनाइ छ ।

# विद्या पक्षको फरकमत अघि बढ्नै नदिने रणनीतिमा संस्थापन

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले)को दोस्रो विधान महाधिवेशनको मिति जति नजिकिँदैछ, उति नै पार्टीमा अन्तरकलह तीव्र बन्दै गएको देखिएको छ । एमाले अध्यक्ष केपी शर्मा ओली र पूर्वराष्ट्रपति समेत रहेकी विद्यादेवी भण्डारीबीच अन्तरकलह चर्किन थालेपछि नेता, कार्यकर्ता विभाजितसँगै अन्यौलमा पर्न थालेका हुन् ।

पछिल्लो समय सक्रिय राजनीतिमा फर्किन खोजेकी भण्डारीलाई जसरी पनि रोक्ने एमाले अध्यक्ष ओलीको प्रयत्न र अन्तरसंघर्ष गरेरै छाड्ने भण्डारी पक्षको तयारीले पार्टीभित्र खैलाबैला मच्चिएको एमाले नेताहरूले बताए । गत साउन पहिलो साता सम्पन्न एमाले केन्द्रीय कमिटी बैठकले नै भण्डारीलाई सक्रिय राजनीतिमा फर्किन बन्देज लगाइसकेको छ भने भण्डारी उक्त बन्देज तोड्न चाहन्छिन् । उनले संस्थापन पक्षको निर्णयलाई चुनौती दिँदै मदन भण्डारी फाउन्डेसनमार्फत विभिन्न जिल्ला तथा प्रदेशहरूको भ्रमणकै बहानामा समानान्तर गतिविधि गर्दै आएकी छन् । भण्डारीले आफ्ना गतिविधि नरोकेपछि सशंकित बनेको संस्थापन पक्षले विधान महाधिवेशन अघि बस्ने भनिएको केन्द्रीय कमिटी बैठकमा फरक मत लैजाने बुझेर नै उक्त बैठक अनिश्चितकालका लागि स्थगित गरेको उल्लेख छ ।

'भदौ १३ गते तय भएको केन्द्रीय कमिटी बैठकमा फरक मत दर्ज हुनसक्ने बुझेर नै स्थगित गरियो । यो सरासर जबजको सिद्धान्त विपरीत हो' बिहीबार साँझ भंगाल पुगेका एमाले नेता कार्यकर्तासँगैका भेटमा पूर्वराष्ट्रपति भण्डारीले भनिन् । उनले आफू एमालेभित्र बढ्दै गएको तानाशाही र अलोकतान्त्रिक प्रवृत्तिविरुद्ध संघर्ष गर्न पछि नहट्ने अडान समेत दोहोर्‍याइन् । 'म पछि हट्ने सम्भावना छैन र हट्दिन पनि । एमालेभित्रै अन्तरसंघर्ष गर्छु । मेरो व्यक्तिगत स्वतन्त्रता, संविधान र कानुनका सीमाबारे मलाई राम्ररी थाहा छ' बिहीबार भण्डारीसँग भेटवार्ता गरेका एकीकृत समाजवादीका पोटिलब्युरो सदस्य दामोदर अर्यालले भण्डारीकै भनाइ उदृत गर्दै भने 'केन्द्रीय कमिटी बैठक छल्न खोजे पनि विधान महाधिवेशन हुँदै ११ औं राष्ट्रिय महाधिवेशनमा भए पनि फरक मत दर्ज गराउने उहाँको तयारी बुझिन्छ ।'

एमालेले यसअघिको केन्द्रीय कमिटीमार्फत विधान संशोधनका लागि तल्ला कमिटीहरूको लिखित सुझाव मागेको थियो । ७० वर्षे उमेरहद हटाउने, पूर्वराष्ट्रपति र पूर्वउपराष्ट्रपति सक्रिय राजनीतिमा आउन नमिल्ने, दुई कार्यकालको सीमा हटाउने लगायत विषयमा समेत सुझाव मागेको एमालेले ती सुझावहरू एकीकृत गरेर केन्द्रीय कमिटीले उचित निर्णय गरेको छ । तर, विधान संशोधन मस्यौदामा प्रस्तावित यी विषयप्रति विद्या भण्डारी पक्षले असहमति जनाउँदै आएको छ । उक्त असहमति गत केन्द्रीय कमिटी बैठकमा नेता कर्ण थापाले फरक मत राखेका थिए भने उपाध्यक्षहरू युवराज ज्ञवाली र सुरेन्द्र पाण्डेले फरक मत दर्ज गराउन निवेदन दिएका थिए ।

'कम्युनिस्ट पार्टीमा एउटै दस्तावेज आयो भने छलफल गरेर पारित गर्न सकिन्छ तर फरक दस्तावेज आयो भने त्यसको पनि सम्बोधन गर्नुपर्ने हुन्छ' एमालेका एक केन्द्रीय सदस्यले भने 'यस्तो अवस्थामा फरक मत अघि बढ्नै नदिने गरी एकै पटक विधान महाधिवेशनमा संस्थापनको दस्तावेज पेस गरेर फास्ट ट्र्याकमा पारित गराउने उद्देश्य देखिन्छ ।' विद्या भण्डारीका पक्षबाट वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले फरक मत राख्ने तयारीका लागि भण्डारीसँग छलफल गरेर फरक दस्तावेज तयार गरिरहेको एक पदाधिकारीले जानकारी दिए ।

# माओवादीलाई विश्वास नगरे देश बाँच्दैन : प्रचण्ड

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनताले माओवादीलाई विश्वास नगरे देशै दुर्घटनामा पर्ने दावी गरेका छन् ।

बुधबार काठमाडौंमा आयोजित 'पोष्टबहादुर बोगटी स्मृति राष्ट्रिय ऊर्जा संवाद, २०८२' कार्यक्रममा बोल्दै अध्यक्ष दाहालले जनताले अब पनि माओवादीलाई विश्वास नगरे देश दुर्घटनामा पर्ने दावी गरेका हुन् । माओवादीले सरकारमा हुँदा राम्रा काम मात्रै गरेको उनको जिकिर थियो । 'चुरो कुरा नढाँटीकन भन्दा माओवादीलाई जनताले विश्वास गरेन भने यो देश दुर्घटनामा पर्छ भन्ने मलाई लाग्छ । बँच्दैन, बँच्दैन । धेरै ठूलो अप्ठेरोमा जान्छ' अध्यक्ष दाहालको भनाइ थियो ।

नेपाली कांग्रेस र नेकपा एमाले भ्रष्टाचारमा लिप्त भएको आरोप लगाउँदै वर्तमान सरकार डरबाट बनेको तर्क गर्दै अध्यक्ष दाहालले भने 'माओवादीको पहिलो सरकार, दोस्रो सरकार, तेस्रो सरकार हुँदा राम्रो बाहेक कुनै नराम्रो काम गरेकै छैन भन्ने कुरा बिर्सिएर कांग्रेस र एमाले जो भ्रष्टाचारमा लिप्त छन्, भ्रष्टाचारीलाई बचाउनै बनाएका हुन् त्यो सरकार । मैले त खुलेआम भनेको छु नि । सदनमै भनेको छु । यो सरकार डरबाट बनेको हो ।' 'अब आफू पनि पर्ने बेला आउनै लाग्यो भन्ने लागेपछि त्यसो भएर बनेको सरकार हो यो' अध्यक्ष दाहालको भनाइ थियो 'यो सुशासन दिन बनेको सरकार हो र अनि यसले सुशासनको आशा गर्नु ।'

# तीज महिलामुक्ति र परिवर्तनको पर्व : कुलपति राई

**काठमाडौं ।** नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले तीजलाई महिला मुक्ति र परिवर्तनको पर्वका रूपमा मनाउनुपर्ने बताएका छन् ।

नेपाल प्रज्ञा-प्रतिष्ठान सामाजिकशास्त्र विभाग तथा प्रतिष्ठानका क्रियाशील ट्रेड युनियनहरूको सहभागितामा आयोजित तीज विशेष कार्यक्रममा कुलपति राईले दिदीबहिनीहरूलाई विभेदको अन्त्यसँग जोडेर तीज मनाउन आग्रह गर्दै तीज महिलाहरूले आफ्ना जीवन भोगाइका व्यथा, कठिनाइ, सुख दुःख र आत्मीय क्षणलाई प्रस्फुटन गर्ने माध्यम भएको बताएका हुन् । तीज पर्वमार्फत भ्रष्टाचारविरुद्ध चेतना फैलाउन सकिने उनको भनाइ छ ।

गो.हु.का. द.नं.: ४५/०६३/६४ का.जि.प्र.का. द.नं.: ८९-०५२/५३



## सीमित व्यक्तिले...

पूर्वसहकर्मी रामबहादुर थापा 'बादल' रक्षामन्त्री भएका बेला गरिएको एउटा निर्णय होस् वा नारायणकाजी श्रेष्ठ उपप्रधानमन्त्री भएका बेला दिइएको न्यायालयसम्बन्धी अभिव्यक्तिबाटै पनि धेरै कुरा बुझ्न सकिने उनले बताए। गणतन्त्रलाई सफलता मानिए पनि त्यसपछि जनताले गणतन्त्रको विशेषता उपभोग गर्न नसक्दा असन्तुष्टि बढेको चर्चा गर्दै उनले भने- 'जनताले कहाँबाट समानता र स्वतन्त्रता खोज्ने ? नेपालमा कुन वर्गको देश हो यो भन्ने नै फैसला भएको छैन, नेताहरूले जनतालाई भ्रमित पारे।'

नेपाली जनताका अधिकार सुनिश्चित नभएको, राज्य रूपान्तरण भइनसकेको र राज्यबाट निर्धारित संस्थाहरू रूपान्तरित नभएको चर्चा गर्दै घरमुलीले नै अरुलाई सरापेर र प्रश्न गरेर कहीं नपुगिने समेत उनले बताए। जोसँग पैसा छ, उसैको हालीमुहाली भएको भन्दै चुनावमा करोडौं खर्च गर्छु भन्न थालेको र यही अवस्था रहेमा नेपालको राजनीति भीरबाट हामफाल्ने अवस्थामा पुग्ने महासचिव विप्लवले टिप्पणी गरे।

# 'कानुन नै चोरिने संसदमा बेकार आइएछ'

**काठमाडौं।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का उपमहासचिव जनार्दन शर्माले कानुन चोरी हुने संसदमा किन आइएछ भन्दै आत्मग्लानी हुने गरेको दुःखेसो पोखेका छन्।

हालै बुटवलमा आयोजित अन्तर्क्रिया कार्यक्रममा बोल्दै उपमहासचिव शर्माले आफू अन्तरिम कालदेखि निरन्तर संसदमा रहेको उल्लेख गर्दै पछिल्लो समय किन संसदमा आइएछ भनेर आत्मग्लानी हुने गरेको बताएका हुन्। आफू अलि पुरानो भएर पनि दिक्क लागेको हुनसक्ने टिप्पणी गर्दै उनले संविधानमा लेखिएका कुराहरू कार्यान्वयन गर्न नसकेको भन्दै दुखेसो पोखेका हुन्। आफूले 'किन संविधान कार्यान्वयन गरिएनन् ?' भनेर प्रश्न गर्दा अरु तर्सिने गरेको उनको टिप्पणी थियो।

'संविधानमा उपलब्ध प्रगति त गऱ्यौं तर पण्डितको पुस्तकको माछा र खोलाको माछा भन्ने आउँछ। संविधानको उपभोग बनाउन जनताले पाउनुपर्छ। उपभोग गर्न जनताले पाउने अवस्था सिर्जना गर्न हामी चुक्यौं' उनको भनाइ थियो 'यो मैले गरेको प्रश्न म आफैंलाई हो। तर मैले आफैंलाई गरेको प्रश्नले अरु तर्सिन्छन् र पो गाह्रो छ। प्रश्न आफैंलाई गरेको हो। किनभने त्यस ठाउँमा त हामी नै छौं। संविधानका धाराहरूले पानामा लेखेको कुराहरू नै उपयोग गर्नेतिर कि जान सकेनौं। म त अन्तरिम कालदेखि संसदमा निरन्तर छु।'

कानुन नै चोरी हुने गरेको देखि आजभोलि दिक्क लाग्ने गरेको चर्चा गर्दै उनले भने 'पछिल्लो समय आउँदा त कानुन त चोरी हुने संसदमा बेकार आइएछ जस्तो लाग्छ आजभोलि। कानुन नै चोरी हुन्छ। अलि दिक्क लागेर होला। अलि पुरानो भएर पनि होला।' उनले देशको अर्थतन्त्रबारे १५ दिनसम्म लगातार बहस गर्न जरुरी रहेको समेत बताए। नेपालको अर्थतन्त्र सिमित व्यक्तिको कब्जामा परेको, भ्रष्टाचार बढेको भन्दै यो समग्र संकट आउनुमा गणतन्त्रको ढाँचाको आर्थिक व्यवस्था नभएर भएको बताए।

# पूर्ण समानुपातिक र प्रत्यक्ष कार्यकारीमार्फत समस्या समाधान : सापकोटा

**काठमाडौं।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का केन्द्रीय सदस्य तथा सांसद माधव सापकोटाले मुलुकमा विद्यमान राजनीतिक समस्याको समाधान पूर्ण समानुपातिक निर्वाचन प्रणाली र प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रप्रमुखमार्फत मात्र सम्भव हुने बताएका छन्।

संघीय राजधानीमा 'संविधान कार्यान्वयनको दश वर्षको समीक्षा : उपलब्धि, समस्या तथा चुनौती र सुझाव' विषयक अन्तरक्रिया कार्यक्रममा आफ्ना धारणा राख्दै सांसद सापकोटाले पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा नजाँदासम्म संविधानबारे भइरहेका बहसहरू अर्थहीन हुने टिप्पणी गरेका हुन्।

सत्तारुढ प्रमुख दुई दल नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) अझैसम्म पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जाने निर्णयमा पुग्न नसकेको उनको विश्लेषण थियो। बुधबार आयोजित सो कार्यक्रममा उनले माओवादी केन्द्रको स्पष्ट दृष्टिकोण प्रत्यक्ष निर्वाचित राष्ट्रप्रमुख र पूर्ण समानुपातिक निर्वाचन प्रणालीतर्फ जानु रहेको बताए।

सांसदलाई मन्त्री बन्न नपाउने व्यवस्था गर्न सकिए विधायिका काम प्रभावकारी हुने उनको तर्क थियो। 'पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा नजाँदासम्म संविधानबारे गरिँदै आएको बहस अन्त्यहीन हुन्छ' सांसद सापकोटाले भने 'कांग्रेस र एमाले आजै तयार भए भने पनि यो ठूलो कुरा होइन। तर ती दुई पार्टी अझै तयार छैनन्। हाम्रो स्पष्ट दृष्टिकोण भनेको प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रप्रमुख, सांसद मन्त्री नहुने र पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा गएर मात्रै आजका समस्याको समाधान सम्भव हुन्छ भन्ने हो।'

संविधानलाई समयानुकूल संशोधन गरी जनतामुखी बनाउन माओवादी केन्द्रले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रप्रमुख, सांसदलाई मन्त्री बन्न नदिने र पूर्ण समानुपातिक निर्वाचन प्रणालीलाई दीर्घकालीन दृष्टिकोणका रूपमा अघि सारिरहेको समेत सांसद सापकोटाले स्पष्ट पारे।


# जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने कुराहरू !

- बिक्रेता वास्तविक हो/होइन, निजको हकभोग छ/छैन प्रष्ट होऔं,
- कित्ताको मोठ श्रेस्ता, फोटो र तीनपुस्ते ठीक भए/नभएको यकिन गरौं,
- कुनै अड्डाअदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा झगडा भए/नभएको बारेमा प्रष्ट होऔं,
- जग्गा र नक्सामा बाटो छ/छैन यकिन गरौं,
- जग्गाको हकभोग अनुसार आकारप्रकार मिले/नमिलेको यकिन गरौं,
- जग्गा रैकर वा गुठी के हो यकिन गरौं,
- जग्गामा मोही भए/नभएको प्रष्ट होऔं,
- लालपूर्जा, जमिन र नक्साको क्षेत्रफल मिल्छ/मिल्दैन यकिन गरौं,
- सिमानामा विवाद भए/नभएको साँधसँधियारबाट बुझौं,
- नक्सा बमोजिमको जमिनमा चारैतर्फ सिमाना यकिन गर्न रेखाङ्कन गराएर मात्र खरिद-बिक्री गरौं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


# गुटबन्दी हुन नदिने प्रचण्डको प्रतिबद्धता

**काठमाडौं।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहालले पार्टीप्रति जनताको भरोसा बढ्दो क्रममा रहेको दावी गरेका छन्। हालै कर्णाली प्रदेशको पूर्ण बैठकलाई श्रव्यदृश्यका माध्यमबाट सम्बोधन गर्दै उनले माओवादीप्रति जनताको भरोस बढ्दै गएको उल्लेख गर्दै पार्टीमा गुटबन्दी हुन नदिने ठोकुवा गरेका हुन्।

उनको निजी सचिवालयका अनुसार उक्त बैठकलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले स्थानीय तह, स्वतन्त्र विद्यार्थी युनियन, नेपाल पर्वतारोहण संघलगायत संस्थाको निर्वाचनमा माओवादी केन्द्र निकट उम्मेदवारहरूको विजयलाई जनविश्वासको प्रतिकका रूपमा चित्रण गरेको गरे।

स्थायी समितिले पार्टीमा आन्तरिक द्वन्द्व सिर्जना हुन नदिने, गुटबन्दी, अराजकता र अनुशासनहीनताको अन्त्य गर्दै पार्टीलाई सुदृढ र एकताबद्ध बनाउने संकल्प गरिसकेको जानकारी दिँदै अध्यक्ष दाहालले शिक्षा विधेयकलगायत विभिन्न राष्ट्रिय मुद्दामा माओवादी केन्द्रले लिएको अडानले जनस्तरमा सकारात्मक सन्देश प्रवाह गरेको खुलस्त पारे।

# 'पुँजीवादको चेपुवामा तीजलाई विकृत बनाइयो'

**काठमाडौं।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)की उपाध्यक्ष पम्फा भुसालले नेपालको मौलिक संस्कृति तीज पर्वलाई पुँजीपतिको व्यापारिक प्रवृत्तिले विकृत बनाएको बताएकी छन्।

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) केन्द्रीय छात्रा विभागले यहाँ आयोजना गरेको 'तीज जनसंस्कृति र प्रगतिशील' विषयक अन्तरक्रिया कार्यक्रममा उपाध्यक्ष भुसालले नाफा कमाउन बजारमा लामो समयसम्म व्यापार गर्ने, तडकभडकलाई प्रोत्साहन दिने र मौलिक संस्कृतिलाई मेट्ने कार्य बढिरहेको बताएकी हुन्। उपाध्यक्ष भुसालले यस्तो प्रवृत्तिलाई रोक्न जरुरी रहेको बताइन्।

समाजमा महिलालाई अझै पनि दोस्रो दर्जाको नागरिकका रूपमा हेर्ने सोच कायम रहेको उल्लेख गर्दै तीजलाई महिला उत्पीडनसँग जोडिएको पर्वका रूपमा बुझ्नुपर्ने उनको धारणा थियो। तीजलाई भड्किलो र खर्चिलो नबनाई मौलिक लोकगीतको संरक्षण, महिला अधिकारप्रतिको सचेतना र महिलालाई संगठित गर्ने अवसरका रूपमा मनाउनुपर्नेमा उपाध्यक्ष भुसालको जोड थियो।

कार्यक्रममा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी)का केन्द्रीय अध्यक्ष विजयप्रसाद सापकोटाले तीजलाई सांस्कृतिक, सामाजिक र मूल्यमान्यतालाई अगाडि बढाउने प्रगतिशील माध्यमका रूपमा लिनुपर्नेमा जोड दिइन्। छात्रा विभागकी अध्यक्ष ममता अधिकारीले तीजलाई सामाजिक मूल्य-मान्यतालाई आत्मसात् गर्दै मनाउनु पर्नेमा जोड दिँदै आगामी दिनमा समेत महिला उत्थानका लागि विभाग सक्रिय रहने विश्वास दिलाएक थिइन्।

# भण्डारीको अभिव्यक्तिप्रति ओलीको आपत्ति

**काठमाडौं।** नेपाल कम्युनिस्ट पार्टी (एमाले)को दोस्रो विधान महाधिवेशनको पूर्वसन्ध्यामा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी र अध्यक्ष केपी शर्मा ओलीबीच विभिन्न सामाजिक सञ्जाल र अनलाइनका माध्यमबाट भनाभन चलेको छ।

त्यही विषयलाई लिएर प्रधानमन्त्री एवं एमालेका अध्यक्ष केपी शर्मा ओलीले यही भदौ ११ गते पार्टीको आसन्न दोस्रो विधान महाधिवेशनको पूर्वसन्ध्यामा काठमाडौं जिल्लाबाट प्रतिनिधित्व गर्ने महाधिवेशन प्रतिधितिसँगको भेटघाटमा व्यक्त गरेको गरेको भनाइका सन्दर्भमा कतिपय 'अनलाइन' र सामाजिक सञ्जालमा सम्प्रेषित सूचनाका सम्बन्धमा प्रधानमन्त्रीको सचिवालयको ध्यानाकर्षण भएको जनाएको हो। सो कार्यक्रम कुनै प्रशिक्षणमूलक नभई अनौपचारिक भेटघाट मात्र भएको जानकारी दिँदै प्रधानमन्त्रीको सचिवालयले काठमाडौंका प्रतिनिधिसँग अध्यक्ष ओलीले भन्दै नभनेको 'एमालेमा मलाई धक्का दिन विद्या भण्डारीबाहेक कसैको दम छैन, विद्याले छाडे सबै मिल्छ' जस्ता भ्रामक र मनगढन्ते विषय स्वार्थबाट प्रेरित भई बाहिर ल्याइएको जनाउँदै त्यसप्रति आपत्ति प्रकट गरेको छ।

भेटमा अध्यक्ष ओलीले नेपालमा वामपन्थी आन्दोलनको ऐतिहासिक र संघर्षपूर्ण विगतको पृष्ठभूमि, पार्टीको हित विपरीत व्यक्तिगत स्वार्थमा लाग्दा आन्दोलनमा भएको क्षति, हाल पार्टीले अंगीकार गरेको नीति र पार्टीको केन्द्रीय कमिटीको पछिल्लो निर्णय, वर्तमान सरकारले विकास र सुशासनका लागि गर्दै आएका कामबारे आफ्ना विचार प्रस्तुत गरेका थिए। अध्यक्ष ओलीले 'पूर्वराष्ट्रपति भण्डारीलाई आफूले जति सम्मान अरू नेताले नगरेका र उहाँ अहिले पार्टी र नेतृत्वको विरोध गर्ने ठाउँमा कसरी पुग्नुभएको भन्ने आश्चर्यमा परेको उल्लेख गर्दै पूर्वराष्ट्रपति भण्डारीले पार्टीमा विधिवत रूपमा सदस्यता प्राप्तिको बाटो नलिएर 'मिडिया' र पार्टीका अन्य नेताहरूसँग भेटेर सक्रिय राजनीतिमा आउने कुरा गर्नुभयो। यस्ता गतिविधिले पार्टीको लक्ष्य र आन्तरिक एकतामा सहयोग पुग्दैन र उहाँ त्यस रूपमा आएर पार्टीको एकतालाई भड्काउन हुँदैन भन्ने पार्टीका आम साथीहरूलाई लागेको छ। केन्द्रीय कमिटीले उहाँलाई सदस्यता दिँदा उहाँ र आन्दोलनको सम्मानमा आँच पुग्ने निष्कर्ष हो। उहाँले पार्टीमा आएर अध्यक्ष उठ्दा जितुहुन्न। नेतृत्व लिने कुरा कसैको आँखामा नबिझ्ने लालगेडी हुनु होइन' अध्यक्ष ओलीले भनेको वास्तविकता प्रस्तुत गर्दै प्रधानमन्त्रीको सचिवालयले उल्लेख गरेको छ।

सोही विषयलाई लिएर प्रधानमन्त्रीको निजी सचिवालयले वास्तविकता नबुझी भ्रामक समाचार सम्प्रेषण नगर्न सम्बद्ध सबैमा अनुरोध गरेको छ।

प्रकाशक: **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं